ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५औं वर्ष
सन्देश
प्रदेश 'क' वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३०१ ॥ बुधबार ०९ बैशाख २०८३ ॥ षष्ठी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Wednesday 22 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिमा सिफारिस समिति

सन्देश संवाददाता

काठमाडौं/मन्त्रिपरिषद् बैठकले विभिन्न ५ निर्णयहरु गरेको छ । मंगलबार अपराह्न सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मन्त्रिपरिषद् बैठक बसेको थियो । बैठकपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमल्सिनाले त्यसबारे जानकारी दिए ।

उनका अनुसार धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष गुणाकर भट्टको संयोजकत्वमा सिफारिस समिति गठन गरिएको छ। उक्त समितिमा थर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय र भुवनकुमार दाहाल सदस्य छन् ।

यी हुन् मन्त्रिपरिषद् बैठकमा निर्णयहरुः धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष गुणाकर भट्टको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय र भुवनकुमार दाहाल सदस्य रहने गरी सिफारिस समिति गठन, नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति, तथा गर्न बनेको विधेयक संघीय संसद्मा पेश गर्न स्वीकृति, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अध्यक्षमा डिल्लीराज आचार्य (प्युठान) र सदस्यमा नवराज सिम्खडा (धादिङ), रोशनबहादुर शाक्य (ललितपुर) लाई नियुक्ति र मनोनयन ।

चिया लिनुहुन्छ की पानी ?

हिजोआज दंग छन् सेवाग्राही

सुनिता बिष्ट

हेटौंडा/सोमबार विहान करिब ११ बजे । हातमा कागजपत्र बोकेर काभ्रेको महाभारत गाउँपालिका-४, मजुवाका जगत् लामासहित ४ जना सेवाग्राही उद्योग तथा वाणिज्य कार्यालय काभ्रे प्रवेश गरे । उनको हातमा रहेको कागजात आफ्नो हातमा माग्दै कार्यालय सहयोगी कर्मचारी मोहनकुमार सिग्देलले उनीहरुलाई सोफामा बस्न आग्रह गरे ।

सहयोगी कर्मचारीले जगत्को अनुहारमा हेर्दै प्रश्न गरे–के गर्न आउनु भएको ? जगत्ले जवाफ फर्काए–कृषिफार्म दर्ता गरौं भनेर आएको हुँ सर । वडाबाट बनाउन पर्ने सिफारिसहरु पनि ल्याएको छु । कार्यालय सहयोगी कर्मचारी सिग्देलले हाँस्दै फाइल हातमा लिएर सेवाग्राही डेस्कमा बसेकी सहायक कम्प्युटर अधिकृत सिकान्तीकुमारी साहलाई दिए । उनले फाइल इन्ट्री गराएर भित्र पठाइन् ।

यत्तिकैमा कार्यालय सहयोगी नबिला महत आएर उनीहरुलाई सोधिन्–सर/म्यामहरु चिया लिनुहुन्छ की पानी ? जगत्सहित समूह अलमलमा परे। 'हामीलाई सोध्नुभएको हो र ?,' जगत्ले प्रतिप्रश्न गरे । महतले भनिन्-हजुर हो । चिया बनाउने मेसिन देखाउँदै उनले भनिन्–कालो चिया बनाउने मेसिन यहाँ छ । खानुहुन्छ भने राखिदिन्छु । जगत्सँगै आएकी एक महिलाले हाँस्दै भनिन्–हो र, चियाको पनि व्यवस्था छ भने खाउँ न त । महतले चिया दिँदै भनिन्-चिया खाइसक्नुभएपछि

कपलाई डस्टबिनमा राखिदिनुहोला । उनीहरु चिया पिएर बसे । काम नसकिनेबेलासम्म मोबाइल चलाएर बसे। जसका लागि कार्यालयको भित्तामा क्युआर राखिदिएको थियो। मोबाइल हेर्दाहेर्दै चार्ज सकिए चार्जरको सुबिधा पनि सोही स्थानमै। उनीहरु कार्यालय प्रवेश गरेको एक घण्टामै कर्मचारी बिरास लामाले जगत्को हातमा उद्योगदर्ता प्रमाणपत्र थमाइदिए ।

पहिल झ्यालझ्याल चहारेर सेवा लिनुपर्ने सरकारी कार्यालयको सेवाप्रवाह देखेर जगत् दंग परे । हातमा प्रमाणपत्र थाम्दै उनले भने–हामी यहीं बसिरहेका छौं । चिया खायौं । गफ गऱ्यौं । मोबाइल हेऱ्यौं । एकैछिनमा सर/म्यामहरुले काम सकाइदिनुभएछ । मलाई त विश्वास नै लागेको छैन ।

अब पान दर्ता गर्न कर कार्यालय जानु भन्नुभएको छ । कति सजिलोसँग काम भयो यता त। उता के हुने हो ? टाढाबाट आउनुपर्ने भएका कारण काम नसकिएला भन्ने पीरले विहान चाँडै निस्किएको उनीहरु बताउँछन्। तर, १ घण्टाभित्रमा बसि–रहेकै ठाउँमा प्रमाणपत्र आइपुग्दा विश्वास नै नलागेको उनीहरुले बताए।

उनीहरु मात्र होइन, आज भोलि उक्त कार्यालयमा सेवा लिन आउने जोकोहीले पनि कार्यालय यही हो कि अरु कार्यालय आएर बस्यो भनेर प्रश्न गर्ने गरेका छन् । साना कोठामा भित्र कर्मचारी र झ्यालभन्दा बाहिर सेवाग्राही बसेर उद्योगदर्ता, नवीकरण जस्ता सेवाप्रवाह हुने गरेको कार्यालयमा हाल पहिलेको जस्तो अवस्था छैन । कार्यालय पुगेका सेवाग्राहीका लागि पर्खने कोठाको व्यवस्था छ । एसीसहित कोठामा कार्यालयको परि–चय झल्कने डिजिटल स्क्रिन, चिया र तातोचिसो पानीको व्यवस्था, महिलाका लागि स्तनपानकक्ष देखि नबुझेका कुराहरुको सहजीकरणका लागि कर्मचारीको समेत व्यवस्था मिलाइएको छ ।

बागमती प्रदेशअन्तर्गत् दुई उद्योग तथा वाणिज्य कार्यालयलाई नमूना कार्यालयका रुपमा सञ्चालनमा ल्याइएको हो । प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले सेवासुधार कार्यक्रम अन्तर्गत् जिल्लास्थित कार्यालयहरुलाई नमूनाका रुपमा विकास गर्ने लक्ष्यसहित उद्योग तथा वाणिज्य कार्यालय काभ्रे र चितवनलाई प्रदेश सरकारले नमूना कार्यालयका रुपमा विकास गरेको हो ।

फागुनदेखि काभ्रेको उद्योग तथा वाणिज्य कार्यालयमा नयाँ सेवासहित नमूना कार्यालय सञ्चालनमा ल्याइएको हो भने यसअघि चितवनस्थित उद्योग तथा वाणिज्य कार्यालयलाई गत वर्ष मंसिर देखि पहिलो नमूना कार्यालयका रुपमा सञ्चालनमा ल्याइएको थियो ।

नमूना कार्यालय सञ्चालन सँगै सेवाग्राहीले अब अन्य कार्यालय जस्तो लामो लाइनमा बस्न, झ्याल झ्याल धाउन कोठामा चक्कर लगाउनुपर्ने झन्झटबाट मुक्ति पाएका छन्। उद्योग तथा वाणिज्य कार्यालय प्रमुख रविन घिमिरेका अनुसार सेवाप्रक्रियालाई सहज, छिटो र प्रभावकारी बनाइएको छ ।

नमूना सेवाअन्तर्गत् सेवाग्राहीका लागि सोफासहित आरामदायी प्रतीक्षालय, चियापानी, इन्टरनेट सुबिधा तथा मोबाइल चार्जिङजस्ता आधारभुत सेवा उपलब्ध गराइएको छ । कार्यालयमा थप गरिएका सेवा पुरानै जनशक्तिबाट व्यवस्थापन गरि–एको उनले बताए ।

कार्यालयमा एसीसहित प्रतीक्षालय, सूचना डिस्प्ले तथा सेवाग्राहीले आफ्नै विवरण हेर्न सक्ने डिजिटल प्रणालीसमेत जडान गरिएको छ । शुल्क, आवश्यक कागजात र सेवा प्रक्रियासम्बन्धि जानकारी डिस्प्ले प्रणालीमार्फत् उपलब्ध गराइने भएकाले सेवा–ग्राहीलाई थप सहज भएको छ ।

गत वर्ष उद्योग मन्त्रालयले चितवन कार्यालयका लागि करिब साढे सात लाख बजेट विनियोजन गरेको थियो। मोबाइल बैंकिङ प्रयोग नगर्ने सेवाग्राहीका लागि भने नजिकैको बैंक काउन्टरमार्फत् शुल्क तिर्ने व्यवस्था यथावत् राखिएको छ। यद्यपि, अन्य सबै सेवा एकद्वार प्रणालीमार्फत् उपलब्ध गराइने जनाइएको छ ।

मन्त्रालयले चालु आर्थिक वर्षभित्र सिन्धुली, रामेछाप र भक्तपुरका उद्योग तथा वाणिज्य कार्यालयलाई पनि नमूना कार्यालयमा रुपान्तरण गर्ने लक्ष्य लिएको छ । आगामी वर्षहरुमा प्रदेशका सबै उद्योग कार्यालयलाई क्रमशः नमूना कार्यालयका रुपमा विकास गर्ने योजना रहेको प्रदेशकी उद्योग मन्त्री विन्दु श्रेष्ठले बताइन् ।

उनका अनुसार नमूना कार्यालयको अवधारणाले सेवा–ग्राहीलाई छिटो, सहज र पारदर्शी सेवा प्राप्त हुने वातावरण सिर्जना गर्ने बातावरण बनाउन प्रदेश मन्त्रालय गम्भीर छ । सरकारी सेवाप्रवाहलाई प्रविधिमैत्री, व्यवस्थित र सेवामुखी बनाउँदै जनविश्वास अभिवृद्धि गर्ने लक्ष्य र हेको मन्त्री श्रेष्ठले बताइन्। क्रमशः सबै कार्यालयलाई नमूना कार्यालय बनाउने अभियानमा मन्त्रालयको टिम जुटेको उनको भनाइ छ ।

गुमनाम मृत्युको शिकार भए मकवानपुरका 'बर्डम्यान'

सन्देश संवाददाता

हेटौंडा/अष्ट्रेलियाको सिड्नी स्थित व्यस्त हाइड पार्कमुनिको सेन्ट जेम्स सुरुङमा मकवानपुरका ३२ वर्षीय नेपाली युवा विक्रम लामाको निधन भएको छ। कम्प्युटर साइन्स पढ्न सन् २०१३ मा अष्ट्रेलिया पुगेका विक्रम पछिल्लो समय घरविहीन भइ सडकमा पुगेका थिए ।

सुरुङमा परेवालाई दाना खुवाउने भएकाले 'बर्डम्यान' नामले चिनिने विक्रमको शव सडिसकेको अवस्थामा फेला पर्दा प्रहरीलाई पहिचान गर्नसमेत कठिन भएको थियो। *द गार्जियन*को रिपोर्ट अनुसार डिसेम्बर ७ मा उनको शव भेटिनु अघि करिब एक लाख मानिस उनको निर्जीव शरीरको नजिकबाट हिँडे पनि कसैले चाल नपाउनु अत्यन्त विडम्बना–पूर्ण देखिएको छ । काठमाडौंसँग जोडिएको मकवानपुरको पहाडी गाउँमा रहेकी वृद्ध आमालाई डीएनए परीक्षणका लागि खबर पुग्दा परि–वार स्तब्ध बनेको छ। सपना बोकेर विदेशिएको एउटा होनाहार छोरा गुमनाम मृत्युको शिकार हुनुले वैदेशिक शिक्षा र संघर्षको अँध्यारो पाटो देखाएको छ। उनको पूरा परि–वारको परिचय खुलेको छैन ।

करिब एक महिनाअघि नेपालको परराष्ट्र मन्त्रालयमार्फत् विक्रमको परिवारले एउटा चकित पार्ने खबर पायो । न्यु साउथ वेल्स प्रहरीले शव पहिचान गर्न नसकेपछि अष्ट्रेलियास्थित नेपाली दुताबासमार्फत् विक्रमकी वृद्ध आमा सेतीमाया लामाको डीएनए परीक्षण गर्न आग्रह गरिएको थियो। परिवारले काठमाडौं गएर डीएनए नमूना दिए पनि लामो समयसम्म नतिजाबारे जानकारी पाएन। तर, एनएसडब्लुका लागि नेपालका वाणिज्यदुत सञ्जीवकुमार शर्माका अनुसार डीएनए परीक्षणको आधिक–रिक रिपोर्ट भने आउन बाँकी छ। प्रहरीले उनको मृत्युलाई शंकास्पद् नमाने पनि विस्तृत अनुसन्धानका लागि कोरोनरलाई बुझाएको छ । नेपालमा रहेकी उनकी आमाको आँसु रोकिएको छैन । 'यो खबर सुनेदेखि मैले राम्ररी खाना खान सकेकी छैन,' उनी भन्छिन्–मलाई अझै पनि मेरो छोरा फर्केर आउँछ जस्तो लाग्छ । परिवार उनको शव नेपाल ल्याएर परम्पराअनुसार अन्तिम संस्कार गर्न चाहन्छ । तर, आर्थिक अभावका कारण उनीहरु चिन्तित छन् ।

सिड्नीको मध्यभागमा रहेको व्यस्त सेन्ट जेम्स सुरुङमा महिनौंदेखि घरविहीन उनको दैनिकी चलिरहेको थियो । हरेक विहान उनी आफ्नो स्लिपिङ ब्यागबाट निस्कन्थे, पाउ–रोटीका टुक्राहरु बोकेर सुरुङमा बस्ने परेवाहरुलाई दाना खुवाउँथे। सुरुङमा सुत्ने अन्य मानिस उनलाई माया गरेर बर्डम्यान भन्थे । तर, एक दिन डिसेम्बरको सुरुवाती हप्तामा ती बर्डम्यान आफ्नो बासस्थानबाट निस्किएनन्। परेवाहरु पर्खिरहे, तर उनी आएनन्। 'हामीसँग पैसा थिएन,' उनकी भाउजु उषा लामा भन्छिन्–त्यसैले हामीले नौं कठ्ठा जग्गा बेचेर उनलाई विदेश पढ्न पठायौं । तर, अष्ट्रेलिया पुगेको केही समयपछि नै उनको परिवारसँग सम्पर्क टुट्न थाल्यो । भतिजा मिलन रुम्बाका अनुसार सुरुमा दुई–तीन वर्षमा एकपटक फोन आउने गर्थ्यो, तर, पछिल्लो सात वर्षदेखि उनी पूर्णरुपमा सम्पर्कविहीन थिए ।

द अस्ट्रेलियन होमलेसनेस मोनिटर २०२४ का अनुसार २०२३–२४ सम्मको तीन वर्षको अवधिमा देशव्यापीरुपमा सडकमा सुत्ने मानिसको संख्या २२ प्रतिशत् वृद्धि भएको छ । न्यु साउथ वेल्समा सन् २०२० यता सडकमा सुत्ने मानिसको संख्या ५१ प्रतिशत् बढेको छ। आवास संकट नै बढ्दो घरविहीनताको मुख्य कारण हो। घरभाडा वा आवासको लागत तिर्न नसक्ने समस्यालाई मुख्य कारण बताउँदै घरविहीन सेवाहरु खोज्ने मानिसको संख्या पछिल्लो तीन वर्षमा ३६ प्रतिशत् बढेको छ ।

अधिकांश एजेञ्सीहरुले सहयोग माग्नेहरुको संख्या उल्लेखनीय रुपमा बढेको र सन् २०१९–२० यता मासिक केसलोडमा १२ प्रतिशत् वृद्धि भएको रिपोर्ट गरेका छन् । क्षमता भन्दा बढी माग आएपछि एजेञ्सीहरु घरविहीनता रोकथामका कार्यक्रम कटौती गर्न बाध्य भएका छन् । अष्ट्रेलियामा करिब १ लाख २२ हजार मानिस घरविहीन छन्, जसमा आप्रवासी र शरणार्थी उच्च छन् । सन् २०२१ को जनगणनाअनुसार अष्ट्रेलियाको कुल जनसंख्याको २८ प्रतिशत्मात्र रहे पनि विदेशमा जन्मिएका मानिसले अष्ट्रेलियाको घरविहीन जनसंख्याको करिब ४६ प्रतिशत् हिस्सा ओगट्छन् ।

अनुमतिपत्रको अवधि ५० वर्ष

सन्देश संवाददाता

काठमाडौं/ऊर्जा, जलस्रोत तथा सिचाईं मन्त्रालयले जलाशययुक्त आयोजनाको लागि अनुमतिपत्रको अवधि ५० वर्ष कायम गर्ने कार्यकारी आदेश जारी गरेको छ । बिहीबार ऊर्जा मन्त्रालयले जलाशययुक्त आयोजनाको लामो अध्ययन, तयारी अवधि, लागत तथा प्रतिफललाई मध्यनजर गरी यस्ता आयोजनाको अनुमतिपत्रको अवधि ५० वर्ष कायम गर्ने घोषणा गरेको हो ।

यस काम ४५ दिनभित्र गरि–सक्ने कार्यसूची छ । यसअघि १९ असोज २०८० देखि जलशययुक्त (स्टोरेज) र पम्प जलाशययुक्त (पम्पस्टोरेज) आयोजनाको म्याद ४५ वर्षसम्म रहने व्यवस्था थियो । त्यसअघि मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा गठित समितिले २०७९ साउनमा बुझाएको प्रतिवेदनको सिफारिस अनुसार म्याद ४५ वर्ष पुऱ्याइएको थियो। देव नेतृत्वको समितिले विद्युत् खरिदबिक्री सम्झौता गर्ने सम्बन्धमा नीतिगत् व्यवस्थासम्बन्धि प्रतिवेदन २०८० मा जलाशययुक्त र पम्पस्टोरेज आयोजनाको अवधि ४५ वर्ष रहने सिफारिस गऱ्यो ।

त्यही सिफारिसअनुसार विद्युत् आयोजनाको अनुमतिपत्रसम्बन्धि निर्देशिका, २०७५ को चौथो संशोधनमार्फत् २०८० असोजमा ४५ वर्षको व्यवस्था भएको हो । यस व्यवस्था भएपछि भने कुनै पनि जलशययुक्त आयोजनाको अनुमतिपत्र जारी नभएको विद्युत् विकास विभागका सिनियर डिभिजनल इञ्जिनियर बद्री कुइँकेलले जानकारी दिए ।

विभागले २०५८ सालदेखि १९ असोज २०८० सम्म भने जलाशययुक्त आयोजनाको अनुमतिपत्र अवधि ३५ वर्ष तोकेको थियो ।

२०५८ सालमा जारी भएको जलविद्युत् विकास नीतिअनुसार त्यस अवधि थियो। अझ २०५८ सालभन्दा पहिले २०४९ सालको विद्युत् ऐनअनुसार कुनै प्रकारको विद्युत् आयोजनाको अनुमतिपत्र अवधि अधिकतम् ५० वर्ष नै कार्यान्वियनमा थियो । २०५८ सालमा ल्याइएको जलविद्युत् विकास नीति अनुसार अनुमतिपत्रको अवधि परि–वर्तन गरिएकोमा निजी ऊर्जा उत्पादकहरु लामो समयदेखि असन्तुष्ट छन् । उनीहरुको माग २०४९ सालको ऐनअनुसार सबै आयोजनाको अनुमति पत्रको म्याद ५० वर्ष हुनुपर्ने छ ।

बाचापत्रविपरीत अवधि वृद्धि :

राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावअघि जारी गरेको बाचापत्रमा विद्यमान ३५ वर्षे उत्पादन अनुमति–पत्रको व्यवस्थामा एकरुपता कायम गरी ५० वर्ष पुऱ्याउने घोषणा गरेको छ ।

तर, हाल जलाशययुक्त आयोजनाको मात्र ५० वर्ष पुऱ्याउनु आफ्नै बाचापत्रविपरीत रहेको स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपालका उपमहासचिव प्रकाश दुलालले बताए । 'जनतासँग जाँदा एउटा बाचा गर्ने अनि त्यसलाई बिर्सने हो भने बाचापत्रको अर्थ के रह्यो ?' उनले प्रश्न गरे । हाल २०५८ सालमा ल्याएको जलविद्युत् विकास नीतिलाई टेकेर सरकारले नदीप्रवाही जलविद्युत् आयोजनालाई ३५ वर्षको मात्र अनुमतिपत्र दिने गरेको छ । २०४९ को ऐनमा भएको व्यवस्था नीतिले काट्न नसक्ने भन्दै ऊर्जा उत्पादकहरु ऐनकै व्यवस्था यथावत् राख्न माग गरिरहेका छन् ।

अन्य निर्देशन केके छन् ?

ऊर्जा, जलस्रोत तथा सिंचाईं मन्त्री बिराजभक्त श्रेष्ठले ऊर्जा तथा जलस्रोत क्षेत्रको संरचनात्मक सुधार, पारदर्शिता अभिवृद्धि र कार्यसम्पादन–लाई नतिजामुखी बनाउन विस्तृत कार्ययोजनामा साथ सम्बन्धित निकायलाई समय सीमासहित निर्देशन जारी गरेका छन् । विद्युत् बजार सुधारदेखि सिंचाईं प्रणाली सुदृढीक–रणसम्मका बहुआयामिक विषयलाई समेटेर उनले ३२ बुँदे निर्देशन जारी गरेका हुन् ।

मन्त्रालयले सबै कार्ययोजना तोकिएको समय सीमाभित्र कार्यान्वयन गर्न सम्बन्धित निकायलाई स्पष्ट जिम्मेवारी तोकिएको छ । नियमित रुपमा सघन अनुगमनसमेत हुनेछ । 'लामो गृहकार्य, सरोकार पक्षहरु सँगको घनिभूत छलफलपछि जलस्रोत तथा ऊर्जा क्षेत्रको सुदृढीकरण गर्न यस निर्देशन जारी भएको छ,' मन्त्री श्रेष्ठले भने–यो देखाउनका लागिमात्र निर्देशन दिइएको होइन ।

यसकै आधारमा अब हाम्रा नीति, योजना र कार्यक्रमको मार्गचित्र निर्माण हुनेछ। तसर्थ, तोकिएको समय सीमाभित्र कार्यसम्पादन पूरा गर्न र त्यसको निरन्तर फलोअप गर्न मातहतका निकाय तथा कर्मचा–र ीलाई निर्देशन पनि दिन्छु ।

निर्देशनमा विद्युत् नियमन आयोगलाई ओपन एक्सेस प्रणाली कार्यान्वयनका लागि ३० दिनभित्र आवश्यक ह्विलिङ चार्ज निर्धारण गर्न भनिएको छ। यसले निजी तथा सार्वजनिक क्षेत्रबीच प्रतिस्पर्धात्मक विद्युत् कारोबारको ढोका खोल्ने अपेक्षा गरिएको छ । जलाशययुक्त तथा पम्पस्टोरेज आयोजनाका लागि मौसमी र पिक डिमान्डका आधारमा फरक महसुल संरचना लागु हुनेछ, जसले विद्युत् उत्पादन र खपत व्यवस्थापनलाई सन्तुलित बनाउनेछ ।

नेपाल विद्युत् प्राधिकरणलाई हालसम्मका सबै पीपीए (विद्युत् खरिद सम्झौता) विवादहरुको सूची र समाधानका विकल्पसहित प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ । विद्यमान पीपीएमध्ये सञ्चालनमा रहेका, ढिलाइ भएका र जोखिममा रहेका आयोजनामा वर्गीकरण गरी स्पष्ट अवस्थासहितको प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ। यस निर्णयले लगानीकर्ताको विश्वास बढाउने र अवरुद्ध आयोजनाहरुको समाधानमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विद्युत् नियमन आयोग, विद्युत् उत्पादन कम्पनी र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीलाई कार्यसम्पादन, जिम्मेवारीमा रहेको दोहोरोपन र सुधारका आवश्यक पक्षहरु पहिचान गरी ३० दिनभित्र प्रतिवेदन बुझाउन भनिएको छ।

विद्युत् विकास विभागलाई ६० दिनभित्र देशभरका सबै जलविद्युत् आयोजनाका सर्वेक्षण तथा निर्माण अनुमतिपत्रहरुको विस्तृत विवरण सार्वजनिक गर्न निर्देशन दिइएको छ ।

यसमा अनुमतिपत्र जारी मिति, प्रगति, माइलस्टोन र अनुपालन अवस्था समावेश हुनेछ । नियमपालना नगर्ने कम्पनीहरुलाई क्योर नोटिस जारी गरिनेछ र समीक्षा नगरी नयाँ अनुमतिपत्र जारी नगरिने व्यवस्था गरिएको छ ।

देवानीसंहिताबमोजिम नयाँ अभ्यास

सन्देश संवाददाता

काठमाडौं/उच्च अदालत जनकपुर इजलासले सरकारी बाटो व्यक्तिले आफ्नो नाममा नापी गरेको विवादमा मुद्धाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी स्थलगत् अध्ययनपश्चात् प्रतिवेदन पेस गर्न आदेश गरेको छ । कामु मुख्य न्यायाधीश टेकनारायण कुँवर, न्यायाधीश टीकाराम आचार्यको इजलासले उक्त जमिन सार्वजनिक कायम गरी पाउँ भनी आएको विवादमा सोमबार उक्त आदेश गरेको हो ।

पृथ्वी साह हलुवाइले जगदीश पासमानविरुद्ध दुषित लिखत बदर दर्ता बदरको मुद्धामा उक्त आदेश दिएको हो । विवादित जग्गाको अवलोकन निरीक्षणका लागि अदालतले पाँच बुँदे आदेश दिएको छ । आदेशमा विवादित स्थानको स्थलगत् निरीक्षण अवलोकन गर्न बैशाख १३ गतेको दिन तोकी मुद्धाका दुवै पक्ष स्वयम् र स्थलगत्रुपमा उपस्थित हुन चाहेमा निजहरुको तर्फबाट नियुक्त कानुन व्यवसायीलाई समेत उक्त दिन १० बजे सम्बन्धित उपस्थित हुन पत्रमार्फत् जानकारी गराउन भनिएको छ।

उक्त तोकिएको मितिमा स्थलगत् अवलोकन उक्त आदेश गर्ने इजलासका न्यायाधीश आफैंले गर्ने र सो कार्यका लागि अदालतका रजिष्ट्रार, इजलास अधिकृत तथा सम्बन्धित फाँट प्रमुखलाई समेत उपस्थित हुन जानकारी गराउन भनिएको छ। 'उक्त विवादित जग्गाको नक्सा गर्ने सम्बन्धित जिल्ला अदालतको प्राविधिक (अमिन) र नापी कार्यालय, धनुषाका सर्भेयरलाई समेत विवादित स्थलमा नापजाँच उपकरणसहित उपस्थित हुन लेखिपठाइ अनिवार्यरुपमा तोकिएको मिति, समय र स्थानमा उपस्थित गराउन,' आदेशमा भनिएको छ ।

मनहरीमा करदाता सेवा

सन्देश संवाददाता

हेटौंडा/मकवानपुर जिल्लामै पहिलो पटक मनहरी गाउँपालिकाबाट करदाता सेवा सुरु हुने भएको छ । बैशाख ९ गते बुधबारबाट उक्त सेवा सुरु गर्न लागिएको हो ।

संघीय सरकारले कात्तिक १७ गतेको निर्णयबाट स्थानीय तहबाट करदाता सेवा प्रदान गर्ने निर्णय गरेअनुसार मकवानपुरमा पहिलो पटक स्थानीय तहमार्फत् सेवा सुरु हुन लागेको हो। अब गाउँपालिकाबाटै व्यक्तिगत् र व्यावसायिक स्थायी लेखा (प्यान) नम्बर जारी हुनेछ भने व्यावसायिक तथा व्यक्तिगत् स्थायी लेखा नम्बरमा रुपान्तरणसम्बन्धि कार्य पनि हुनेछ। आयकर दर्ता तथा स्थायी लेखा नम्बर दर्तासँग सम्बन्धित संशोधित कार्य पनि पालिकाबाट हुने राजस्व शाखा सहायक राजीव बानियाँले जानकारी दिए ।

अन्तःशुल्कको इजाजतपत्र जारी तथा नवीकरणको कार्यका लागि आन्तरिक राजस्व कार्यालयसँग सहजीकरण गरी प्रमाणपत्र जारी गर्ने तथा अन्तःशुल्क लाग्ने वस्तुको खरिद बिक्री गर्ने इजाजतपत्र मात्र जारी एवम् नवीकरण गर्ने काम पनि पालिकाबाट हुने आन्तरिक राजस्व विभागबाट जारी कार्यसञ्चालन कार्यविधिमा उल्लेख छ । त्यस्तो प्रमाणपत्र जारी गर्नुपूर्व अन्तःशुल्कको नयाँ इजाजतपत्र तथा नवीकरणका लागि आवश्यक कागजातहरु रुजु गरी सबमिट गर्ने र प्रमाणीकरणका लागि आराकामा रेफर/फरवार्ड गर्ने र अन्तिम तहको रुजु सम्बन्धित आन्तरिक राजस्व कार्यालयको अधिकृतले डिजिटल हस्ताक्षर जारी गर्ने कार्यविधिमा उल्लेख छ ।

"मलाई दिएको मत खोई ?"

सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेस बागमती प्रदेशले सोमबार हेटौंडामा आयोजना गरेको निर्वाचन समिक्षा कार्यक्रममा आफ्नो चुनावी समिक्षा गर्दै नेपाली कांग्रेसका निवर्तमान सहमहमन्त्री तथा मकवानपुर क्षेत्र नम्बर १ का उमेदवारा महालक्ष्मी उपाध्याय डिनाले मकवानपुरे जनताले मलाई दिएको मत खोई भन्दै प्रश्न गरेकी छिन् ।

पाटी सभापति गगन थापाको प्रमुख आतित्थ्यता तथा बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाको सभापतित्वमा भएको चुनावी समिक्षा कार्यक्रमा उनले 'मलाई मकवानपु–रे जनताले घरदैलोका क्रममा देखाएको माया मोह र आशुसहितको सम्मानले मलाई नै मत दिएकै हुन तर बाकसबाट बाहिर त्यो मत आएन, भने त्यो मत कहा गयो भन्दै पाटी पंक्तिलाई यसको बारेमा छानबिन गर्न समेत माग गरिन ।

निर्वाचनका क्रममा मलाई पार्टीका कुनै पनि साथी तथा कार्यकर्ताले धोखा दिएका छैनन् । मकवानपुरमा देखिएको गुटबन्दीले पनि यस पटक टाउको उठाउन पाएको अवस्था मैले देखिन भने मेरो अमुल्य मत कहां गयो ? उनको प्रश्न थियो ।

गत निर्वाचनमा मलाई पार्टी केन्द्रीय अध्यक्षदेखि प्रदेश, जिल्ला, क्षेत्रीय र वडा सभापतिसमेतले अति बिस्वास र हौसलाका साथ चुनावी मैदानमा उहाहरुको साथ समर्थनका साथसाथै जनताको घरदैलोमा पुगेर उनीहरुको माया बटुलेको थिए । त्यसैले यो निर्वाचनमा पराजय भोग्नु परेपनि म कसैलाई दोष दिने पक्षमा छैन । उनले मकवानपुरे जनताले मलाई मत हालेकै छन् भन्नेमा म पुर्ण विस्वस्त छु, तर एउटै कुरा मेरो त्यो मत कहा गयो भन्ने बारेमा पार्टीले गहन ईन्भेष्टिगेसन गरोस भन्ने माग जोडदारकासाथ राखेकी थिईन ।

हालै सम्पन्न र यसअघि भएका निर्वाचनमा पराजय भोगका उमेदवारले धेरै गुनासो गरेको सुनेकी छु, तर यस पटकको निर्वाचनमा मैले अघिल्ला निर्वाचनभन्दा ५ गुणा मेहनत गरेको थिए, प्रत्येक कार्यकर्ता, दाजुभाई, दिदीबहिनी र मतदाताको घरघरमा गएर भेटेको छु, उहांहरुको आंशु पुछेको छु,कसैले पनि मत दिन्न भनेका छैनन् भने म उहाहरुलाई दोष दिन सक्दिन् । उहाहरुले मलाई मत दिनु भएकै हो तर यो हुरिबतास के का लागि हो ? कसका कारण यस्तो भयो भनेर पार्टीले समिक्षा गर्न आवश्यक देखेको छु ।

सुधारिएको कांग्रेसका पार्टी सभापति गगन थापा प्रधानमन्त्रि बनेर देशको मुहार फेर्ने हरेक नेपालीको चाहना हुंदा हुदै पनि पाटी सभापति समेत निर्वाचनमा पराजय हुनुभएको कारण तमाम नेपाली काग्रेसका कार्यकर्ता र समर्थकहरु निकै निराश भएका छन् । यसले हामीले संसदीय अभ्यासमा ठूलो क्षति ब्यहोरेका छौं ।

उखान: बाँदरको पुच्छर लौरो न हतियार ।

बेलाको बोली

मानिसलाई बाँच्नका निम्ती एक चिम्टी बल, आधार र प्रेम चाहिन्छ ।

- भानुभक्त आचार्य

सम्पादकीय

बिद्यार्थी संगठन प्रयोग नहोस

नेपालमा पछिल्ला दशकमा शैक्षिक गुणस्तरमा भएको ह्रासको दोष विद्यार्थीहरुको दलगत राजनीतिमा संलग्नता र शैक्षिक संस्थामा तिनको हस्तक्षेपलाई दिने गरिएको छ । हुन पनि विद्यार्थी संगठनका नाममा बढ्दो उद्दण्डताले शैक्षिक वातावरण निकै खलबल्याएको थियो । पुस्तकालय जलाउनेदेखि प्राध्यापकहरुमाथि सांघातिक आक्रमण गर्ने कार्यमा संलग्न विद्यार्थीले संगठनकै नाममा उन्मुक्ति र राजनीतिक संरक्षण पाइरहेका थिए । तर, यसको सम्पूर्ण दोष विद्यार्थी संगठन र विशेषगरी स्वतन्त्र विद्यार्थी युनियनलाई मात्र दिनु न्यायोचित हुँदैन ।

यिनै विद्यार्थीलाई उक्साएर विश्वविद्यालयका पदमा पुगेका पदाधिकारीदेखि सरकारी संयन्त्रसमेत यसका लागि जिम्मेवार देखिन्छन् । विशेषगरी विधिको शासनको उपेक्षा गरिँदा र सरकारी संयन्त्रहरुले स्वतन्त्र रुपमा काम नगर्दा वा गर्न नपाउँदा देशका अन्य क्षेत्रमा जस्तै शैक्षिक क्षेत्रमा पनि अराजकता बढेको हो । नेपालमा लोकतन्त्र समाप्त गरी राजा महेन्द्रले निर्दलीय पञ्चायत सुरु गर्नेबित्तिकै पनि सबैभन्दा पहिले विद्यार्थी संगठनहरुमाथि प्रतिबन्ध लगाइएका थिए । पञ्चायतमा राजनीतिक स्वतन्त्रता थिएन र पनि विद्यार्थी संगठनमाथि लगाइएको प्रतिबन्ध सर्वोच्च अदालतले नै खारेज गरिदिएको थियो । अहिले स्वतन्त्र विद्यार्थी युनियनमाथि प्रतिबन्ध लगाउने घोषणा पञ्चायतको प्रेत बिउँझिएजस्तो ध्वनित हुन्छ ।

शैक्षिक संस्थाभित्र राजनीतिक दलसँग आबद्ध संगठनहरुको उपस्थिति र प्रभावलाई विद्यार्थीहरुकै विवेक र सहमतिबाट व्यवस्थापन गर्नु उपयुक्त हुन्छ । विद्यार्थीहरुले चाहेमा आफ्नै स्वतन्त्र प्रतिनिधित्व स्थापित गर्न सक्ने सामर्थ्य राख्छन् । त्यसैले, सरकारले संगठनहरुलाई प्रतिबन्ध लगाउनुभन्दा शैक्षिक सुधारका आधारभूत विषयहरुलाई प्राथमिकता दिनु बढी श्रेयस्कर हुनेछ । शैक्षिक क्षेत्रबाट दलगत हस्तक्षेप हटाउने उद्देश्य सकारात्मक भए तापनि विद्यार्थी संगठनहरुमाथि पूर्ण निषेध लगाउनु लोकतान्त्रिक मूल्य-मान्यता विपरीत हुन जान्छ । विद्यार्थी प्रतिनिधित्वलाई खुम्च्याउनुको सट्टा आवधिक निर्वाचनमार्फत उनीहरुलाई थप जिम्मेवार, मर्यादित र संस्थागत बनाउनु आजको आवश्यकता हो । अत: सरकारको ध्यान संगठन खारेजीमा होइन, बरु शैक्षिक एवं प्रशासनिक स्वायत्तताको सुदृढीकरण, विधिको शासन सुनिश्चितता र गुणस्तरीय शिक्षाका लागि संरचनात्मक सुधारमा केन्द्रित हुनुपर्छ ।

मकवानपुरमा आज

१: जानकारीमा नआएको

तपाईंको आज

मेष परिस्थिति अनुकूल रहे पनि धनमाल हराउने डरले सताउन सक्छ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। तर, आतिथ्य खर्चिलो बन्ने देखिन्छ।

बृष समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ

मिथुन भौतिक सुविधाको सोखले खर्च आम्दानी बढ्नेछ। दिउँसोदेखि काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला ।

कर्कट आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किएला । नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताइरहनेछ।

सिंह पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ। चुनौती पन्छाएर काम बनाउन सकिने योग छ ।

कन्या भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला। व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ। सेवामूलक कामबाट मान तथा प्रतिष्ठा पाइनेछ।

तुला प्रतिस्पर्धा, विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। दिउँसोदेखि प्रियजनसँग रमाइलो भेटघाट अध्ययनमा उत्साह जगाउनेछ ।

बृश्चिक काममा मिहिनेतको फल प्राप्त हुनेछ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। काम प्रारम्भ गर्ने समय छ ।

धनु हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। बलजफ्ती गर्दा काम बिग्रन सक्छ। भने अरूले दावी गर्न सक्छन् ।

मकर इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ। समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ

कुम्भ अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला। सहयोगीहरूले साथ दिन छाड्नेछन् भने प्रगतिमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन् ।

मिन वादविवादबाट टाढा रहनुहोला । बलजफ्ती गर्ने बानीले आफैंलाई अप्ठ्यारोमा पार्न सक्छ । ईर्ष्या गर्नेहरूबाट सजग रहनुपर्ला ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४०१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

युवाको भविष्य स्वदेशमै

✍ रत्न प्रजापति

देशमा अरू सबै क्षेत्रको मियो मानिएको राजनीतिमा व्याप्त चरम बेथितिले गर्दा बाँकी अरू सबै क्षेत्र प्रभावित हुँदै आएको सत्य हो । राजनीतिक बेथितिकै कारण देशमा भ्रष्टाचार मौलाएको र अर्थतन्त्र जर्जर अवस्थामा पुगेको, सुशासन कायम हुन नसकेको र विकासले गति लिन नसकेको यथार्थ घामजत्तिकै छर्लङ्ग छ ।

सत्ता, शक्ति र स्वार्थका लागि जस्तोसुकै कुकर्म गर्न र जस्तोसुकै सम्झौता गर्न नहिचकिचाउने बिगतका सरकार, राजनीतिक नेतृत्व र भ्रष्टाचारमा चुर्लुम्म डुबेको कर्मचारीतन्त्रले गर्दा राज्यले तय गरेका नीति, कार्यक्रम र योजनाहरूको प्रभावकारी कार्यान्वयन हुन सकेका थिएनन्। यही कारणले जनताले अपेक्षा गरेको आर्थिक र सामाजिक विकासले गति लिन नसक्दा जनता गरिबी, अभाव र अविकास भोग्न विवश बनेका हुन् ।

आर्थिक गतिविधिमा सुस्तता र निराशा :

मुलुकमा बेथितिहरूको विकासले गर्दा थितिहरू क्रमश हराउँदै गए। परिणामतः गरिखान्छु भन्नेले गरिखान पाएनन्। लगानी गर्छु र प्रतिफल लिन्छु भन्ने लगानीकर्ताहरू निराश भए। उद्योग-व्यवसाय गर्छु भन्ने उद्योगी-व्यवसायीहरू निराश भए । आफ्नै माटोमा पसिना बगाउँछु र अन्न उब्जाउँछु भन्ने किसानहरू उपेक्षित भए। परिणामतः देशमा लगानी प्रवर्द्धन हुन सकेन । उद्योग-व्यवसाय खुल्न सकेन। कृषि र किसान पिछडिए। उत्पादन वृद्धि हुन सकेन। रोजगारी सिर्जना हुन सकेन।

बेरोजगारीको बहुआयामिक असर :

बेरोजगारीको समस्या लामो समयसम्म रहिरह्यो भने यसले आर्थिक संकट बढाउँछ, गरिबी बढाउँछ, जनशक्तिमा विद्यमान क्षमता र दक्षतामा ह्रास ल्याउँछ र उत्पादनमा कमी ल्याउँछ, । यसैगरी बेरोजगारीका कारण आर्थिक संकट बढेपछि पारिवारिक कलह बढ्छ, बेरोजगार व्यक्तिमा मानसिक समस्या उत्पन्न हुन्छ र सामाजिक समस्या बढ्छ अनि युवा-पलायनमा थप वृद्धि हुन्छ। अन्ततः युवा-पलायनले फेरि देशको अर्थ-सामाजिक संरचनामा दीर्घकालीन र बहुआयामिक नकारात्मक असर पार्छ। अनि मानिसलाई गरिबी र अभावको दुष्चक्रमा पार्छ भने देशलाई राजनीतिक अस्थिरता र अशान्तितर्फ डोऱ्याउँछ र अविकासको भुमरीमा अलमल्याइ राख्दछ। यी यथार्थहरूलाई मनन गरेर रोजगारी श्रृजना गर्नमा राज्यको नेतृत्वतह गम्भीर नबन्दा देश आर्थिक र सामाजिक समस्याको दुष्चक्रमा फस्दै गइरहेको विश्लेषण छ।

संवैधानिक हक र कार्यान्वयनको कमजोरी :

रोजगारी नागरिकको संविधानप्रदत्त मौलिक हक हो। नेपालको संविधान २०७२ को धारा ३३ मा 'प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ' भनेर रोजगारीको हक प्रत्याभूत गरिएको छ। यसैगरी रोजगारीको हकसम्बन्धि ऐन, २०७५ र रोजगारीको हकसम्बन्धि नियमावली, २०७५ पनि जारी गरिएको छ । सरकारका नीति तथा कार्यक्रम र आवधिक योजनाहरूमा पनि रोजगारी श्रृजजाका लक्ष्य तथा उद्देश्यहरू तय गरिएका छन् । तर, राज्य नागरिकको संविधानप्रदत्त हकसम्बन्धि कानुन तथा नीति, कार्यक्रम तथा योजनाहरूको कार्यान्वयनमा चुकेको कारण लाखौं नेपाली नागरिक रोजगारी पाउने संविधानप्रदत्त मौलिक हकबाट वञ्चित हुनुपरेको छ।

अनि रोजगारीका लागि घरपरिवार र देश नै छोडेर बिदेसिनु परेको छ। यसको पीडा बिदेसिने एउटा व्यक्तिले मात्रै होइन, उसको सिंगो परिवारले भोग्नु परेको छ । 'एक युवा देशको प्रधानमन्त्री हुँदै गर्दा अरू युवाहरू बिदेसिनु नपरोस्', 'बालेन सरकार बन्दैछ साथीहरू, अब रोजगारी नेपालमै पाइन्छ, विदेश जानु पर्दैन' र 'बालेनको सरकार छ, अब त देश छोड्न पर्दैन होला' भन्ने किशोर तथा युवाको अभिव्यक्तिभित्र बेरोजगार हुनुपर्ने चिन्ता र आफ्नो असुरक्षित भविष्यको भय अन्तरनिहित रहेकै छ।

वैदेशिक रोजगारी र युवा-पलायन :

हाम्रो देशको अहिलेको यथार्थ यही हो कि रोजगारीको अवसर श्रृजना हुन नसक्दा बेरोजगारीको अवस्था कहालीलाग्दो बनेको छ । बर्सेनि रोजगारीको अवसर खोज्दै श्रमबजारमा प्रवेश गर्ने झण्डै साढे ५ लाख जनशक्ति निराशाको शिकार हुनु परेको छ। जीवननिर्वाह नै कठिन हुन थालेपछि रोजगारीको विकल्प वैदेशिक रोजगारी बनेको छ। दुःख, पीडा र समस्या झेल्नुपरे पनि तुलनात्मकरूपमा बढी आर्जन हुने देखेपछि अधिकांश युवा जनशक्तिको रोजाइ बनेको छ, वैदेशिक रोजगारी।

विदेशको कमाइले गाउँमा आर्थिक र सामाजिक परिवर्तन आएको देखेका हरेक युवाको सोच र कल्पना नै वैदेशिक रोजगारी हुन थालेको छ । परिणामतः खेत बाँझै राखेर र घरखेत बन्धकी राखेर पनि युवा जनशक्ति रोजगारीका लागि बिदेसिइरहेका छन् । दैनिक झण्डै २ हजारभन्दा बढीको संख्यामा युवा जनशक्ति बिदेसिँदा नेपालका गाउँहरू युवाविहीन बनेका छन् । खेतहरू बाँझो पल्टेका छन् । अनि घरघरमा भित्रिएको छ, विदेशको उत्पादन। वैदेशिक व्यापारमा आयातले प्रश्रय पाएको छ । अनि व्यापारघाटा चुलिएर अर्थतन्त्र नै जोखिमतर्फ धकेलिंदैछ।

विप्रेषण र आयातमुखी अर्थनीति :

ठूलो संख्यामा नेपाली युवा जनशक्ति रोजगारीका लागि बिदेसिँदा नेपालका गाउँहरू युवाविहीन भए पनि, खेतहरू बाँझै पल्टिए पनि, यहाँको निर्माण कार्यमा जनशक्ति अभाव नै भए पनि विदेशबाट आएको ठूलो परिमाणको विप्रेषणले देशको अर्थतन्त्रलाई महत्वपूर्ण टेवा दिन थालेपछि सरकारको आँखा पनि वैदेशिक रोजगारीमै केन्द्रित हुँदै आएको छ। वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने निहुँमा अनेक नीति, रणनीति, कार्यक्रम र योजना बनाएर श्रम निर्यातलाई प्रोत्साहन गरिएको छ। वस्तु निर्यात गरेर आयात प्रतिस्थापन गर्नुपर्ने अथवा वैदेशिक व्यापारघाटालाई न्यून गर्नुपर्नेमा राज्यको नीति नै श्रमनिर्यातमा केन्द्रित हुन थालेपछि वस्तु निर्यातले प्रोत्साहन पाउनै सकेको छैन। बरु आयातमा चाहिँ दिन-प्रतिदिन दबाब पर्न थालेको छ। जसले गर्दा नेपालको वैदेशिक व्यापार पूर्णरूपमा आयातमुखी बनेको छ।

उपभोग संस्कृति र उत्पादनमा ह्रास :

विप्रेषणकै कारण उपभोग संस्कृति बढेको देखेर उपभोक्ताको मनोविज्ञान बुझेका उद्योगी-व्यवसायीहरू उद्योग छोडेर व्यापारतिर आकर्षित भएका छन् । वस्तु उत्पादन गर्नेभन्दा आयातित वस्तुको व्यापार गर्ने क्रम बढेपछि आयात झनै बढेको छ। सरकार पनि वस्तु आयातबाट राजस्वतर्फ आकर्षित भएपछि देशको अर्थनीति नै आयातमुखी बनेको छ । वैदेशिक व्यापारमा असन्तुलन बढ्नु अथवा आयात-निर्यातको अनुपातमा देखिएको ठूलो खाडलले देशको अर्थनीति नै आयातमुखी भएको पुष्टि हुन्छ।

बेरोजगारी र सामाजिक समस्या :

जीवननिर्वाहका लागि आयआर्जन अपरिहार्य नै छ। तर, देशमा आयआर्जनका उपायहरू खुम्चिँदै गएका छन्। निरन्तरको राजनीतिक अस्थिरता र नीतिगत अन्योलले गर्दा उद्योग र व्यापार-व्यवसाय संकटमा छन्। रोजगारी श्रृजनाले प्रश्रय र प्रोत्साहन पाउन नसक्दा रोजगारी श्रृजना अत्यन्तै न्यून छ। औपचारिक तथा अनौचारिक दुवै क्षेत्रमा रोजगारीका लागि प्रतिस्पर्धा बढिरहेको छ। सीमित अवसरका लागि असीमित आकांक्षीहरूको भीडले सहर बेरोजगारहरूको रोजगारी खोज्ने थलोजस्तै देखिन थालेको छ। बेरोजगारहरूमा व्याप्त चरम निराशा र उदासीले मानसिक रोगीहरूको संख्या बढेको मनोविद्हरूको भनाइ छ। निराशाले डोऱ्याइएका पाइलाहरू जीवनको समाप्तितर्फ पनि अग्रसर छन्। हरेक वर्ष आत्महत्याका घटना बढ्नुले यही तथ्यलाई इंगित गरिरहेको देखिन्छ। यसरी देशमा व्याप्त बेरोजगारीले सामाजिक समस्यालाई बढावा दिइरहेको देखिन्छ।

नीतिगत समाधानको आवश्यकता :

देशमा निराकरण गर्नैपर्ने अनेकौं आर्थिक तथा सामाजिक समस्याहरू छन् । तीमध्ये पनि अहिलेको जल्दोबल्दो समस्याकोरूपमा देखिएको छ, बेरोजगारीको समस्या । मान्छेका लागि जिजीविषा नै अन्तिम सत्य हो । बाँच्नका लागि मानिसले अनेक उपायहरु गर्छन् । राम्रो, नराम्रो, असल, खराब सबै । पछिल्लो समय सामाजिक अपराधका घटनाहरूमा वृद्धि हुनुको पछाडि बेरोजगारी पनि एउटा मुख्य कारणकोरूपमा रहेको विश्लेषण पनि समाजशास्त्री तथा अर्थशास्त्रीहरूले गरिरहेका छन्। अतः अहिलेको परिप्रेक्ष्यमा बेरोजगारी समस्या निराकरणका लागि राज्यले रोजगारी श्रृजनाको कार्यलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्नुपर्नेतर्फ सबै विज्ञहरूले जोड दिइरहेका छन्।

रास्वपाको प्रतिबद्धता र जनअपेक्षा :

रोजगारी श्रृजनाको आवश्यकता र सान्दर्भिकतालाई दृष्टिगत गरेर राजनीतिक दलहरूले पनि आफ्नो चुनावी घोषणापत्रहरूमा रोजगारी श्रृजनालाई महत्वका साथ समेटेका छन्। हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनको बेला आफ्नो वाचापत्रमा ''थति बसाल्ने संकल्प' सहित 'रूपान्तरणका लागि नीतिगत प्रस्थानका १ सय आधारहरू' तय गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जनादेशबाट पहिलो राष्ट्रिय राजनीतिक दल बन्न सफल भएको छ। एकलौटी सरकार गठन गरेको रास्वपाको वाचापत्रमा रोजगार प्रवर्द्धन गर्न युवा विदेश पलायनलाई रोक्नका लागि विश्वव्यापी श्रमबजारमा आएको परिवर्तनलाई आत्मसात् गर्दै नेपालमै बसेर विदेशी कम्पनी, निकाय वा रोजगारदाताका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्न स्पष्ट कानुनी र नीतिगत प्रबन्ध गर्ने उल्लेख छ। यसैगरी श्रमलाई सस्तो स्रोत होइन, सम्मानजनक मानव पुँजीकारूपमा स्थापित गर्दै सुरक्षित, मर्यादित र न्यायपूर्ण श्रमबजार निर्माण गर्ने पनि उल्लेख छ। सोहीअनुसार रास्वपा नेतृत्वको वर्तमान सरकारले भर्खरै १८ बुँदे 'राष्ट्रिय प्रतिबद्धता' सार्वजनिक गर्दै 'समृद्धिको आधार रोजगारी' मा जोड दिएको छ। जसअनुसार आगामी पाँच वर्षमा १५ लाख रोजगारी श्रृजना गरिने उल्लेख गरेको छ।

रोजगारी सिर्जना नै राष्ट्रिय प्राथमिकता

बेरोजगारीको पीडाले छटपटाएका युवा जनशक्ति र बेरोजगारीको भयले भयभीत किशोरहरूले पनि रास्वपाप्रति असीम आशा र अपेक्षा राखेका छन्। रास्वपाले देशमा राजनीतिक परिवर्तनमात्रै होइन, अब आर्थिक परिवर्तन पनि गर्छ भन्ने विश्वास गरेका छन् । रास्वपाले जनताको यो विश्वासलाई कायम राख्न गर्नुपर्ने धेरै काममध्ये लाखौं युवाको ऊर्जा र उत्साहलाई उत्पादनसँग जोड्न र उत्पादनद्वारा अर्थतन्त्रको सुदृढतामा टेवा पुऱ्याउन रोजगारी श्रृजनालाई नै पहिलो प्राथमिकतामा राखेर राज्यका अंगहरूलाई क्रियाशील बनाउनु आवश्यक छ।

रोजगारी श्रृजनाको अभ्यासमा देशको समग्र आर्थिक क्रियाकलाप जोडिने हुँदा यसले देशको समष्टिगत अर्थतन्त्रलाई नै चलायमान बनाउने हुँदा रोजगारी श्रृजना राष्ट्रिय हितका लागि अत्यावश्यक नै देखिन्छ । रोजगारी श्रृजना भई बेरोजगारी न्यूनीकरण भए अरू बाँकी आर्थिक र सामाजिक समस्याहरूमा क्रमशः सुधार आउने निश्चित छ। अतः अब सरकारले निजी क्षेत्रसँगको साझेदारीमा रोजगारी श्रृजनालाई प्राथमिकतामा राखेर क्रियाशील हुनु वाञ्छनीय हुनेछ। यसबाट वर्तमान युवापुस्ताको मनमा छाइरहेको बेरोजगारीको पीडा र निराशा अनि अनिश्चित भविष्यको भयको पनि अन्त्य हुनेछ र युवाले स्वदेशमै आफ्नो भविष्य उज्ज्वल देख्नेछन्।

साभार : कारोबार दैनिक

उन्नत लोकतन्त्रको विमर्श

✍ कृष्णरमण अधिकारी

जेनजी आन्दोलनपश्चात् सम्पन्न आमनिर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी छोटो समयमै झण्डै २ तिहाइ बहुमतसहित प्रमुख राजनीतिक दलकारूपमा उदाएको छ । नागरिकले प्रतिनिधि सभाका २७५ सिटमध्ये १८२ सिटमा विजय गराउँदै स्थायी र शक्तिशाली सरकार निर्माण गर्ने स्पष्ट जनादेश प्रदान गरे । यो परिणाम केवल सामान्य चुनावी जित हार मात्र नभई राजनीतिमा नयाँ पुस्तागत रूपान्तरणको स्पष्ट अभिव्यक्ति पनि हो ।

यस ऐतिहासिक विजयले धेरैलाई आश्चर्य चकित बनाएको छ। विशेष गरेर पुराना र स्थापित दललाई आफ्नो हार स्वीकार गर्न कठिन भइरहेको छ । के यो परिणाम अस्वाभाविक, अप्रत्याशित र आकस्मिक हो ? वा यो लामो समयदेखि सञ्चित राजनीतिक विकृति, संस्थागत कमजोरी र सामाजिक असन्तोषको स्वाभाविक परिणाम हो ? पुराना दलको पराजयको पछाडि उनीहरूको आफ्नै राजनीतिक संस्कार, कार्यशैली कति जिम्मेवार छ ? रास्वपा स्वयम्ले पनि यस विजयलाई कसरी ग्रहण गर्नुपर्ने हो ? । उत्सव कि उत्तरदायित्व ? यी यावत् प्रश्नको गम्भीर उत्तर खोज्नु आजको आवश्यकता हो । यस्ता प्रश्नको जवाफ खोज्नु केवल औपचारिकता मात्र होइन, बरु यसले पुराना दलहरुलाई आफनो पराजयबाट सिक्न र सच्चिन प्रेरित गर्नेछ । संघीय लोकतान्त्रिक व्यवस्था र संविधानको प्रभावकारी कार्यान्वयनमार्फत् त्यसको प्रतिफल प्रत्येक नेपालीको जीवनमा सुनिश्चित गर्न सहजीकरण गर्नेछ ।

दुर्भाग्यवश नेपाली राजनीतिमा परम्परागत रूपमा एउटा गम्भीर रोग देखिन्छ। हारलाई सहज रूपमा स्वीकार गर्न नसक्ने प्रवृत्ति। हारलाई आत्म समीक्षाको अवसरकारूपमा लिनुको सट्टा, त्यसलाई आफ्नो अनुकूल व्याख्या गर्दै सैद्धान्तिक लेपन लगाउने संस्कार गहिरिँदै गएको छ । आन्तरिक कमजोरीको विश्लेषण गर्नुको सट्टा बाहय कारणलाई दोष दिने प्रवृत्ति दलहरूमा संस्थागत भएको छ । यसले केवल दलहरूको आन्तरिक लोकतन्त्रलाई मात्र कमजोर बनाएको छैन, सिंघो देश र लोकतन्त्रलाई समेत कमजोर बनाउन भूमिका खेलेको छ । रास्वपाले पुराना दलको कार्यशैली तथा इतिहासबाट शिक्षा लिँदै सुसंस्कृत परिपक्व राजनीतिक संस्कार निर्माण गर्नु आजको मुख्य चुनौती हो । चुनावी अभियानका क्रममा रास्वपाले जनतासंग गरेको करार अर्थात् घोषणापत्र बिगतको जस्तो सामान्य दस्तावेज होइन ।

यसमा निश्चित समयसीमाभित्र निश्चित काम सम्पन्न गर्ने स्पष्ट प्रतिबद्धता गर्दै निर्धारित लक्ष्य र परिणाम हासिल गर्ने खाकासमेत प्रस्तुत गरिएको छ, जुन नेपाली राजनीतिक इतिहासमा यस्तो प्रकारको करारपत्र नयाँ अभ्यास हो । बिगतमा घोषणापत्र चुनावी औपचारिकतामा सीमित हुने र कार्यान्वयनमा गम्भीरता नदेखाइने संस्कृतिले राजनीतिक दललाई आफ्नै वाचाप्रति जवाफदेहीविहीन बनाएको थियो । यस अर्थमा रास्वपाको करारपत्र उत्तरदायित्वमूलक जवाफदेही राजनीतिक संस्कृतिको प्रारम्भ हो, जुन सराहनीय छ । यसको अक्षरशः कार्यान्वयन हेर्न भने केही समय कुर्नुपर्ने नै हुन्छ । संसद्को ठुलो दल रास्व- पाका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा सर-कार गठन भई आफ्नो कार्य प्रारम्भसमेत गरि-सकेको छ । सरकार गठनलगत्तै सरकारले मन्त्रालयको संख्या घटाउनेदेखि जेनजी विद्रोहपश्चात् गठित कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्न चालिएको कदमले नयाँ आशाको सञ्चार पक्कै पनि गरेको छ ।

हालै रास्वपाले संसद्मा प्रतिनिधित्व गर्ने सबै दलको घोषणापत्रलाई समेट्दै 'राष्ट्रिय प्रतिबद्दता पत्र' सार्वजनिक गरी सुझावका लागि सम्बन्धित दलहरूलाई आब्हवान गरेको छ । यसलाई राष्ट्रिय सहमतितर्फको महत्वपूर्ण कदमका रूपमा लिन सकिन्छ। त्यति मात्र हैन, २०६२/६३ सालदेखि हालसम्म सार्वजनिक पद धारण गरेका पदाधिकारीको सम्पत्ति छानबिन गर्न भर्खरै गठित उच्चस्तरीय न्यायिक आयोग बनाइएको छ। यस्ता प्रयासले सिंगो राष्ट्रिय राजनीतिलाई नयाँ अभ्यास, संस्कार र दिशातर्फ मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

रास्वपाको विजयलाई केवल चुनावी जितहारका रूपमा मात्र बुझ्नु गम्भीर भूल हुनेछ। यो पुस्तागत हुटहुटी, सामाजिक असन्तोष र संस्थागत विफलताको कुल योगबाट उत्पन्न भएको विस्फोट हो। यसलाई गहिरो गरी बुझ्न केवल राजनीतिशास्त्र मात्र पर्याप्त हुँदैन, बरु समाजशास्त्रीय दृष्टिकोण आवश्यक हुन्छ । सन् १९२८ मा जर्मन समाजशास्त्री कार्ल मान्हाइमले भने झैं समाजलाई जीवित र गतिशील राख्न नयाँ पुस्ताले विगतका सामाजिक संस्थाहरूलाई आफ्नो वर्तमान यथार्थअनुसार पुन: अनुकूल बनाउनु आवश्यक हुन्छ । अन्यथा समाज जड र स्थिर बन्छ । उनका अनुसार प्रत्येक नयाँ पुस्ताले समाजसँग 'फ्रेस कन्ट्याक्ट' (ताजा दृष्टि) स्थापना गर्छ अर्थात् पुराना ज्ञान, संस्कृति र परम्परालाई आफ्नै दृष्टिकोणबाट पुनर्व्याख्या गर्छ । यसले समाजलाई जड हुनबाट जोगाउँछ। नेपाली सन्दर्भमा हेर्दा पुराना दलहरुले देश विकासभन्दा बढी अन्त्यहीन राजनीतिक रस्साकस्सी, सरकार गठन र विघटनको चक्र, कुशासन, भ्रष्टाचार, बेरोजगारी र जवाफदेहिताविहीन संस्कृतिलाई संस्थागत गरे । यही अवस्थालाई जेनजी पुस्ताले नयाँ दृष्टिले हेरेर अस्वीकार गरे, जसले जेनजी आन्दोलनको भावभूमि तयार भयो ।

यससँगै म्यानहाइमले 'साझा चेत'को अवधारणा प्रस्तुत गर्दै एउटै पुस्ताभित्र रहेको साझा चेतना र आन्तरिक उद्देश्यको व्याख्या गरेका छन्। एउटै समयका अनुभव, जस्तै राजनीतिक अस्थिरता, आर्थिक अभाव, युवा पलायन, प्रविधिको प्रभावले एउटा पुस्तालाई साझा सोचमा बाँध्छ । नेपाली युवामा विकसित यही सिद्धान्तले भ्रष्टाचार, कुशासन र अवसरको असमानताविरुद्ध संगठित प्रतिरोध निर्माण गरुऱ्यो । यही आन्तरिक लयले नयाँ राजनीतिक विकल्पको खोजीलाई तीव्र बनायो।

जब नयाँ पुस्ताले समाजलाई पुनर्व्याख्या गर्छ तब नयाँ शैलीको जन्म हुन्छ । यसले राजनीति, विचार र संस्कृतिमा नवीनता ल्याउँछ। नयाँ शैली स्थापित गर्न कतिपय पुराना अभ्यासलाई पन्छाउनु अनिवार्य हुन्छ । यसै प्रक्रियाको परिणामस्वरूप नेपाली राजनीतिमा रास्वपाको उदय भयो । यस आधारमा हेर्दा वालेन्द्रको नेतृत्वमा बनेको सरकारले केही आशालाग्दा कामको सुरुवात गरेको देखिन्छ। उदाहरणका लागि सय दिनमा सय कार्ययोजना कार्यान्वयन गर्ने प्रतिबद्धता, भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापना गर्ने पहल तथा सबै दलको राष्ट्रिय प्रतिबद्धता निर्माण गर्ने प्रयास उल्लेखनीय छन्।

साभार : गोरखापत्र

मुद्धति निक्षेपबाट बढ्दै रकम स्थानान्तरण

सन्देश संवाददाता

काठमाडौं/तीन वर्षदेखि निरन्तर बैंक ब्याजदर घट्दा निक्षेपकर्ता मारमा परेका छन् भने ऋणीले पनि त्यसको लाभ लिन सकेका छैनन् । आर्थिक वर्ष २०७९/०८० को फागुनमा उच्च रहेको ब्याजदर त्यसयता घट्दै आएको छ । आव २०७९/०८० को फागुनमा निक्षेपको भारित औसत ब्याजदर ८.३७ प्रतिशत् र कर्जाको भारित औसत ब्याजदर १३.०३ प्रतिशत् थियो । त्यसयता ब्याजदर निरन्तर घट्दै जाँदा २०८२/०८३ को फागुनमा निक्षेपको ब्याजदर ३.४५ र कर्जाको औसत भारित ब्याजदर ६.९० प्रतिशत्मा झरेको छ ।

यसरी निक्षेप र कर्जा दुवैको ब्याजदर घट्दा निक्षेपकर्तालाई मार परेको देखिन्छ । कर्जाको ब्याजदर घट्दा ऋणीले लाभ लिन सक्नुपर्ने भए पनि अपेक्षित गतिमा लाभ नपाएको जानकारहरु बताउँछन् ।

निक्षेपकर्ताले ब्याज आम्दानीकै लागि बैंकमा बचत गर्ने भए पनि पछिल्ला महिनाहरुमा ब्याजदर निकै न्यून हुँदा समस्यामा परेका हुन् । त्यसको असर स्वरुप बैंकको मुद्धति निक्षेपबाट रकम स्थानान्तरण हुने क्रम बढ्दै गएको छ । चालु आवको फागुनमा बैंकिङ प्रणालीमा रहेको बचतको कुल अंशमा मुद्धति निक्षेपको हिस्सा ४७.१ प्रतिशतमात्र छ । आव २०८१/०८२ को सोही समयमा कुल बचतमा मुद्धतिको हिस्सा ५१.७ प्रतिशत थियो ।

२०८२ फागुनमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ३.४५ प्रतिशत् र कर्जाको भारित औसत ब्याजदर ६.९० प्रतिशत् छ । २०८१ फागुनमा वाणिज्य बैंकहरुको निक्षेपको औसत ब्याजदर ४.५४ र कर्जाको औसत ब्याजदर ८.४० प्रतिशत्, २०८० फागुनमा निक्षेपको औसत ब्याजदर ६.७४ प्रतिशत र कर्जाको औसत ब्याजदर १०.७८ प्रतिशत् थियो । २०७९ फागुनमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ८.३७ प्रतिशत् र कर्जाको भारित औसत ब्याजदर १३.०३ प्रतिशत् थियो ।

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहाल ब्याजदर लगातार तीन वर्षसम्म घटिरहेको साथ पहिलो घटना हुनुपर्ने बताउँछन् । उनले भने–मेरो सम्झनामा यो पहिलो घटना हो । विगतमा एक–दुई वर्ष ब्याजदर घट्ने र फेरि बढ्ने प्रवृत्ति थियो । यसरी ब्याजदर निरन्तर घट्दा निक्षेपकर्तालाई समस्या भएको उनी बताउँछन् ।

निक्षेपकर्ताको चाहना जहिले पनि ब्याज हुने भन्दै उनले हाल मुद्रास्फीतिभन्दा कम ब्याजदर रहँदा बैंकमा बचत गर्न नै निरुत्साहित भइरहेको अवस्था रहेको उनले बताए । पूर्वबैंकर दाहाल पूर्वाधार निर्माण, जलविद्युत् तथा ट्रान्समिसन लाइनतर्फ लगानी गरेर तरलता सदुपयोग गरेमा ब्याजदर सन्तुलन कायम राख्न सहज हुनसक्ने बताउँछन् ।

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा अर्थतन्त्रमा सुस्तता लम्बिएका कारण कर्जा परिचालन हुन नसकेको र त्यसले गर्दा ब्याजदर घट्दै गइरहेको बताउँछन् । तर, कर्जा परिचालन गर्ने दीगो सोचतर्फ सरकार नलागेको उनको बुझाइ छ । आर्थिक मन्दीको अवस्थामा ब्याजदर जति सस्तो हुँदा पनि निजीक्षेत्रको लगानी नबढ्ने उनले बताए । हालको अवस्थामा आर्थिक मन्दीले नै लगानीका लागि अप्ठ्यारो बनाएको उनको भनाइ छ । निजीक्षेत्रको अपेक्षा र मनोबल दुवै बलियो हुन नसकेका कारण लगानी नभएको उनी बताउँछन् ।

सरकारले गर्ने लगानी वा सार्वजनिक लगानीको अवस्था राम्रो नहुँदा पनि निजीक्षेत्रको लगानी आकर्षित हुन नसकेको थापाले बताए । ६–७ वर्षयता पुँजीगत खर्च निरन्तर घटिरहेकाले त्यसको असर निजीक्षेत्रतर्फ परेको उनी बताउँछन् । लगानीका लागि सरकारले सहजीकरण गर्न नसकेको टिप्पणी उनको छ । 'यसबाहेक पछिल्ला केही वर्षयता विभिन्न धक्का देखा परे । कोरोना महामारीपछि एलडीसी ग्राजुएसनको र इरान–इजरायल र अमेरिकाबीच युद्धको धक्काको मारमा नेपालको अर्थतन्त्र छ,' उनले भने–आयात–निर्यात हिजोको भन्दा महंगो हुने अवस्थामा निजीक्षेत्रले काम गर्न सक्दैन । यी धक्काहरुलाई सामना गर्ने नीति सरकारसँग भएको नदेखिने उनको भनाइ छ ।

यसबाहेक पछिल्लो समय बैंक तथा वित्तीय संस्था र निजीक्षेत्र दुवै खराब कर्जा र गैरबैंकिङ सम्पत्तिको दबाबमा रहेकाले पनि ब्याजदरको प्रभाव नदेखिएको बैंकरहरु बताउँछन् । निजीक्षेत्रले खराब कर्जाको सामना गर्न नसकिरहेको अवस्थामा नयाँ लगानीका लागि अवसर नै सिर्जना हुन नसक्ने निजीक्षेत्रले पनि बताउँदै आएको छ । पछिल्लो समयमा भएका आन्दोलनहरुमा क्षति बेहोर्नुपर्दा पनि निजीक्षेत्र आतंकित बनेकाले सुरक्षाको प्रत्याभूति नहुँदासम्म घट्दो ब्याजदरले लगानी नबढाउने उद्यमी/व्यवसायीहरुले बताएका छन् ।

कम ब्याजदरमा पनि कर्जाप्रवाह नहुँदा राष्ट्र बैंकले ऋणपत्र जारी गर्नेदेखि अन्य विभिन्न मौद्रिक उपकरणमार्फत पैसा तानिरहेको छ । राष्ट्र बैंकले पछिल्लो पटक २३ चैत २०७९ मा रिपोमार्फत् बजारमा पैसा पठाएको थियो । त्यसपछि आवश्यकताअनुसार रकम बजारबाट झिक्दै आएको छ ।

२०८२ फागुनसम्मा कुल ३ सय ३२ खर्ब ६७ अर्ब ७५ करोड रुपियाँ बराबरको तरलता प्रशोचन भएको छ ।

जसमा निक्षेप संकलन बोलकबोलमार्फत् १९ खर्ब ४५ अर्ब ४० करोड, स्थायी निक्षेप सुविधामार्फत् ३ सय ११ खर्ब ३४ अर्ब ८५ करोड र नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत् २ खर्ब गरी कुल ३ सय ३२ खर्ब ८० अर्ब २५ करोड रुपियाँ (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ ।

संघीयता र प्रदेश संरचना राष्ट्रका लागि भारी बोझ

✍राकेश कुमार शर्मा

संघीयता र प्रदेश संरचना आज राष्ट्रका लागि अवसर होइन, भारी बोझ बनेको छ । नेपाली जनताले जबर–जस्ती लादिएको आभाष गरेको प्रदेश संरचना प्रधानमन्त्री बालेन शाहले खारेज गरेर जनभावनाको कदर गर्नुपर्ने आवश्यकता देखिएको छ । मुलुकको वर्तमान अवस्थालाई गहिराइबाट हेर्दा एउटा कठोर सत्य स्पष्ट देखिन्छ, संघीयता र प्रदेश संरचना आज राष्ट्रका लागि अवसर होइन, भारी बोझ बनेको छ । जनताको नाममा बनाइएका यी संरचनाहरुले सेवा प्रवाह सुधार्नेभन्दा पनि राज्यको ढुकुटी रित्याउने काम मात्र गरेका छन् ।

प्रदेश सरकार स्थापना भएदेखि नै प्रशासनिक खर्च अनियन्त्रितरुपमा बढ्दैको छ । मन्त्री, सांसद, सल्लाहकार, गाडी, भत्ता र कार्यालय सञ्चालनमा अर्बौं रुपैयां खर्च भइ–रहेको छ, तर यसको प्रत्यक्ष लाभ आमनागरिकले कतै महसुस गरेका छैनन् । विकासका नाममा दोहोरिएको संरचना र अधिकारको अस्पष्टता मात्र देखिएको छ, जसले देशलाई आर्थिकरुपमा कमजोर र प्रशासनिकरुपमा जटिल बनाएको छ ।

आज मुलुक आर्थिक संकट, बेरोजगारी र व्यवस्थापन अस्थिर ताको दलदलमा फसिरहेको छ । यस्तो अवस्थामा पनि प्रदेश सरकार जस्तो अनावश्यक तहलाई जोगाइ–राख्नु भनेको देशलाई अझै गहिरो संकटतर्फ धकेल्नु हो । संघीयताको नाममा भइरहेको खर्च र अव्यवस्था अब सहने सीमाभन्दा बाहिर पुगेको छ । यसकारण अब स्पष्ट र साहसी निर्णयको आवश्यकता छ ।

वर्तमान प्रणालीको पुनरावलोकन गर्दै प्रदेश सरकार खारेज गर्नु अपरिहार्य भइसकेको देखिन्छ । देशलाई स्थायित्व, अनुशासन र स्पष्ट नेतृत्व दिन सक्ने वैकल्पिक संरचनातर्फ अघि बढाउनु पर्छ । त्यस सन्दर्भमा राजसंस्थाको पुनर्स्थापनाबारे गम्भीर बहस र निर्णय आवश्यक भइसकेको छ । राष्ट्र जोगाउने हो भने भावनात्मक होइन, यथार्थपरक र कडा निर्णय लिनैपर्छ ।

संघीयता हाम्रो मुलुकका लागि लाभदायकभन्दा बढी चुनौतीपूर्ण बन्न एण्को छ भन्ने अनुभूति धेरै नागरि–कहरूमा देखिन्छ । तर, मुख्य समस्या प्रणालीभन्दा पनि नागरिक चेतनाको अभाव हो । जहाँ सचेत, जिम्मेवार र सक्रिय नागरिक हुन्छन्, त्यहाँ मुलुकले तीव्ररुपमा प्रगति र विकास गर्छ । तर, हाम्रो सन्दर्भमा नागरिकभन्दा बढी दलगत सोचले प्रेरित कार्यकर्ताहरू हाबी भएका कारण राष्ट्रिय हित कमजोर बन्न पुगेको छ । यही कारणले गर्दा नेपाली जनताले निरन्तर दुःख र अभाव झेल्नु पर्दा छ ।

वास्तविक अर्थमा जिम्मेवार नागरिकको विकास हुँदैन, तबसम्म देशको हित, समृद्धि र दीगो विकास सम्भव हुँदैन । वि.सं. सम्वत् २०५२ सालदेखि २०६२/०६३ को जन–आन्दोलन हुँदै आजसम्मको राजनीतिक र सामाजिक घटनाक्रमहरू हेर्दा ती इतिहासकै गम्भीर र चुनौतीपूर्ण कालखण्डका रूपमा देखिन्छन् । यद्यपि, यदि हामी समयमै सचेत भएनौं भने अझ कठिन र पीडादायी अवस्था आउन सक्छ । त्यसैले हामी सबैले समयमै चेतना जाग्नु पर्दै साँचो अर्थमा जिम्मेवार नागरिक बन्न आवश्यक छ ।

विश्वका मुलुकहरू सोमालिया, अफगानिस्तान, सिरिया, सुडान, हाइटी र रुवाण्डालगायतका देशहरूको उदाहरणहरू हेर्दा स्पष्ट हुन्छ कि जब कुनै देश दीर्घकालीन द्वन्द्व वा गृहयुद्धमा फस्न सक्छ, त्यसबाट बाहिर निस्कन अत्यन्तै कठिन हुन्छ । त्यस्ता स्थान–हरूमा मानिसहरूसंग धनसम्पत्ति भए पनि जीवन असुरक्षित, भयावह र कष्टकर हुन्छ ।

भोक, प्यास र असुरक्षाले मानिसहरूलाई चरम पीडामा पुऱ्याउंछ । बाँच्न खोज्दा पनि बाँच्न नसक्ने, मर्न खोज्दा पनि मर्न नसक्ने जस्तो निराशाजनक अवस्था सिर्जना हुन्छ । यसैले समयमै सही ज्ञान, विवेक र जिम्मेवारीको भावना विकास गर्नु अत्यन्त आवश्यक छ ।

: समाप्त :

रविलाई सांसद्का रूपमा कामकारबाही गर्न रोक माग



सन्देश संवाददाता

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई सांसद्का रुपमा कामकारबाही गर्न रोक लगाउनुपर्ने मागसहित सर्वोच्च अदालतमा रिट निवेदन पेस भएको छ । अधिवक्ता आयुष बडालसहितले उक्त रिट पेस गरेको तीन दिन भइसके पनि दर्ता भने भएको छैन ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले रिट निवेदन पेस भए पनि अध्ययनकै क्रममा रहेको जानकारी दिए । अध्ययन गरेपछि मात्र रिट निवेदन दर्ता हुने वा नहुने भन्ने विषयमा निर्णय हुने उनले बताए । सम्पत्ति शुद्धीकरणको मुद्धा विचाराधीन भएको अवस्थामा सार्वजनिक पदमा रहेका लामिछाने स्वत: निलम्बनको अवस्थामा रहने भएकाले उनलाई सांसद्का रुपमा कामकाज गर्न दिन नहुने आदेशको माग राखेर रिट निवेदन पेस भएको हो ।

लामिछानेको सम्पत्ति शुद्धीकरण र संगठित अपराध कसुर संशोधन गर्ने महान्यायाधिवक्ताको निर्णय–विरुद्धको रिटका लागि बैशाख १० गते पेसी तोकिएको छ । बैशाख १० गते उक्त रिटको सुनुवाइ पूर्ण–इजलासमा पेस हुने भएको सर्वोच्च अदालतका सहरजिष्ट्रार प्रवक्ता कोइरालाले जानकारी दिए । चैत १५ गते न्यायाधीश बिनोद शर्मा र अब्दुल अजीज मुसलमानको इजलासले उक्त मुद्धा सुनुवाइका लागि पूर्ण–इजलासमा पेस गर्न आदेश गरेको थियो । तर, उक्त इजलासले मिति भने तोकेको थिएन । मिति नतोकेपछि पेसी तोकेर सुनुवाइ यथाशीघ्र गर्न माग गर्दै कानूनका विद्यार्थी आयुष बडालले निवेदन दिएका थिए । न्यायाधीश शर्मा र मुसलमानको इजलासले आठ वटा प्रश्नको व्याख्या गर्नुपर्ने भन्दै पूर्णइजलासमा पठाउने आदेश गरेको थियो । पूर्णइजलास भनेको तीन वा तीन जनाभन्दा बढी न्यायाधीश सम्मिलत इजलास हो ।

रविका हकमा तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारीले पुस ३० गते सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुरमा संशोधन गर्ने निर्णय गरेकी थिइन् । तर, त्यसको केही दिनपछि माघ २ गते त्रुटि सच्याइएको भन्दै सबै प्रतिवादीहरु विरुद्ध रहेको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको अभियोग संशोधन गर्न निकास दिइएको थियो । यसमा फरार रहेका जीबी राईसहित अन्य सबै प्रतिवादीहरुको समेत मुद्धा संशोधन गर्ने निर्णय गरिएको थियो । महान्यायाधिवक्ता भण्डारीले उक्त निर्णय गरेपछि सर्वोच्च अदालतमा तीन वटा रिट परेका थिए ।

आर्थिक कार्यविधि नियमावली संशोधन

सन्देश संवाददाता

काठमाडौं/सरकारले बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली संशोधन गरेको छ । विकास बजेट खर्च हुन नसकिरहेको बेला सरकारले सोसम्बन्धि नीतिहरुलाई संशोधन गरेको हो ।

अर्थ मन्त्रालयका अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ लाई संशोधन गर्दै आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व (तेस्रो संशोधन) नियमावली, २०८३ जारी गरिएको छ । संशोधित नियमावलीअनुसार अर्थ मन्त्रालयको अधिकार प्रत्ययोजन गरिएको छ ।

संशोधित व्यवस्थाअनुसार नियमावलीको नियम १३१ मा परिवर्तन गरिएको छ । उपनियम (१) पछि उपनियम (१ क) र (१ ख) थपिएका छन् ।

उपनियम (१ क) अनुसार अर्थ मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (३) बमोजिमको पुँजीगत् रकम र कमान्तर गर्ने अधिकार सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतलाई प्रत्यायोजन गर्नसक्ने व्यवस्था गरिएको छ ।

उपनियम (१ ख) मा भने यस्तो प्रत्यायोजित अधिकार प्रयोग गर्दा त्यसको जवाफदेहिता सम्बन्धित लेखा उत्तरदायी अधिकृतमै रहने स्पष्ट गरिएको छ । सरकारले ऐनको दफा ६५ ले दिएको अधिकार प्रयोग गर्दै उक्त संशोधन गरिएको हो ।

उक्त नियमावली नेपाल सरकारका सचिव डा. घनश्याम उपाध्यायको आदेशले जारी गरिएको हो । यस संशोधनसँगै पुँजीगत् बजेट व्यवस्थापन गर्ने अधिकार विस्तार भएको छ

भने त्यसको जिम्मेवारी पनि सम्बन्धित अधिकृतमै रहने व्यवस्था गरिएको छ ।

दलीय विद्यार्थी संगठन हटाउन निर्देशन

सन्देश संवाददाता

काठमाडौं/प्रधानमन्त्री बालेन्द्र शाहले विश्वविद्यालय र स्वास्थ्य क्षेत्रका शैक्षिक संस्थाहरुमा दलीय विद्यार्थी र कर्मचारी संगठनका संरचना हटाउने निर्णय तत्काल कार्यान्वयन गर्न निर्देशन दिएका छन् ।

सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा देशभरका विश्व विद्यालय र प्रतिष्ठानका उपलकुलपतिहरुसँग साढे ३ घण्टासम्म समसामियक विषयमा छलफल गर्दै प्रधानमन्त्री शाहले विश्वविद्यालय र प्रतिष्ठानमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान दोहोऱ्याए । त्यस क्रममा उनले राजनीतिक दलसँग आबद्ध विद्यार्थी तथा कर्मचारी संगठनहरुको संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट पारेका थिए ।

'हामीले राजनीतिक दलसँग आबद्धता भएका विद्यार्थी संगठनहरु खारेज गर्न निर्देशन दिएका हौं । अस्पताल, क्याम्पस, विद्यालयजस्ता संस्थामा राजनीति गर्ने होइन । कुनै पनि दलको झन्डा, प्रभाव वा संगठन राख्न दिनुभएन । साँच्चै राजनीति गर्ने हो भने आफ्नो पेसागत् जिम्मेवारीबाट अलग हुनुपऱ्यो र पूर्णरुपमा राजनीतिमा लाग्नुपऱ्यो,' प्रधानमन्त्री शाहले भने । छलफलमा उपकुलपतिहरुले जेनजी आन्दोलन र चुनावपछि विद्यार्थी राजनीतिक गतिविधि सुस्त भएको र त्यस्ता संगठन हटाउन पहल भइरहेको बताएका थिए ।

छलफलमा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्राडा धनेश्वर नेपालले विद्यार्थीको राजनीति हस्तक्षेप, आक्रमण र तालाबन्दी हटाउनुपर्ने माग गरे । 'हामीले माथिको निर्देशनपालना गर्न खोज्दा विद्यार्थीले तालबन्दी गर्ने, हामीलाई आक्रमण गर्न त्रसत धम्की आएका छन्, यसबाट असुरक्षित महसुस भएको छ,' उनले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनअनुसार विद्यार्थी संगठन हटाउन खोज्दा उल्टै धम्की आएको गुनासो गरे । जवाफमा प्रधानमन्त्री शाहले कुनै पनि राजनीतिक विद्यार्थी र कर्मचारी संगठन खारेज गर्दा सुरक्षालगायत कुनै पनि समस्या आए तुरुन्त सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिएका थिए । 'विद्यार्थी संगठन खारेज गर्दा तपाईहरुलाई सुरक्षा संयन्त्र–लगायत जे आवश्यक छ, त्यसमा सरकारको पूर्ण सहयोग हुनेछ । दुक्क भएर आफ्नो जिम्मेवारी पूरा गर्नुहोला । प्रहरी प्रशासनले आफ्नो कर्तव्यपालना गर्नेछ,' उनले भने ।

त्यस अवसरमा प्रधानमन्त्री शाहले परीक्षाको नतिजा १ महिना भित्र प्रकाशन गर्न निर्देशन दिँदै भने–शैक्षिक क्यालेन्डरअनुसार पढ्नुपर्ने–पऱ्यो । एक दिन पनि दायाँबायाँ गर्न भएन । छलफलमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले ऐनले राजनीतिक दलसँग आबद्ध संगठन खारेज गर्न बाधा नपुऱ्याउने बताए । उनले राजनीतिक संगठन खारेज गर्न निर्देशन दिइसकिएको र सोहीअनुसार काम गर्नुपर्नेमा जोड दिएका थिए ।

मन्त्री पोखरेलले विद्यालय तथा विश्वविद्यालयका ऐनमा स्वतन्त्र विद्यार्थी युनियनको परिकल्पना गरिए पनि त्यसले दलगत् विद्यार्थी भन्ने अर्थमात्र लाउन नहुने धारणा राखेका थिए । 'मैले विभिन्न विश्वविद्यालयका ऐनहरु हेर्दा पनि स्वतन्त्र विद्यार्थी युनियनको व्यवस्था छ । तर, त्यो भनेको कुनै विशेष संगठन नभइ विद्यार्थीहरुको आवाज प्रतिनिधित्व गर्ने एउटा स्वतन्त्र संरचना हो । त्यसैले हामीले भनेको भ्वाइस अफ स्टुडेन्ट पनि यही अवधारणाभित्र पर्छ । यस हिसाबले कुनै ऐनले बाधा पुऱ्याउँछ जस्तो लाग्दैन,' उनले भने–हामीले तत्काल खारेज गर्न खोजेको राजनीतिक दलसँग आबद्ध विद्यार्थी संगठन मात्र हो, विद्यार्थीको आवाज बोल्ने स्वतन्त्र विद्यार्थी युनियनजस्ता संस्थालाई होइन ।

छलफलमा त्रिभुवन विश्व–विद्यालयका उपकुलपति प्राडा दीपक अर्यालले जेन्जी आन्दोलन र निर्वाचन पछि विद्यार्थी तथा कर्मचारी संगठन निष्क्रिय बन्दै गएको बताएका थिए । मध्यमपश्चिम विश्वविद्यालयका उपलकुपति प्राडा धुवकुमार गौतमले पनि पछिल्लो समय आफ्नो विश्वविद्यालयमा विद्यार्थी र कर्मचा–रीका राजनीतिक गतिविधि सेलाउँदै गएको तर कतिपय आंगिक क्याम्प–समा विद्यार्थीको राजनीतिक तनाव कायमै रहेको बताए ।

पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्राडा विजुकुमार थपलियाले आंगिक क्याम्पसहरुमा विद्यार्थी समूहले राजनीति गरिरहेको बताए । सुदूरपश्चिम विश्व विद्यालयका उपकुलपति प्राडा हेम–राज पन्तले थपलियाको कुरामा सहमति जनाए ।

अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरुले भने आफ्ना संस्थाहरुमा विद्यार्थी र कर्मचारीहरु राजनीतिक गतिविधिबाट टाढा रहेको उल्लेख गरे ।

उनीहरुले विश्वविद्यालय र प्रतिष्ठान कडाइसाथ प्रस्तुत भएमा कुनै पनि बहानामा राजनीति नहुने धारणा राखेका थिए । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शासकीय सुधारसम्बन्धि कार्यसूचीको बुँदा–८६ मा उल्लेख भएअनुसार विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाउन एवम् राजनीतिक दलका भ्रातृ संगठनका रुपमा विश्वविद्यालयमा स्थापना भएका विभिन्न विद्यार्थी संगठनका गतिविधि निस्तेज गर्न यसअघि निर्देशन दिइसकेको छ ।

सडक अतिक्रमण हटाउने कार्य सम्पन्न

वीरगञ्ज/वीरगञ्ज महानगरपालिका क्षेत्रभित्र मुख्य सडकको दायाँ–बायाँ २५ मिटरभित्र रहेका अतिक्रमित संरचना हटाउने अभियान सम्पन्न भएको छ । आइतवार बिहानदेखि डोजर प्रयोग गरी सुरु गरिएको अभियान सोमबार सम्मा सकिएको सडक डिभिजन कार्यालय हेटौंडाले जनाएको छ ।

कार्यालयका अनुसार त्रिभुवन राजपथअन्तर्गत गण्डक चोकदेखि नेपाल–भारत मितेरी पुलसम्मको सडक खण्डमा रहेका करिब १ हजार २ सय घर, टहरा लगायतका संरचनामा दुई दिनभित्रै डोजर चलाइएको हो । अतिक्रमण हटाएपछि सडक विस्तारको काम अघि बढाउने तयारी गरिएको छ ।

कार्यालयकी इन्जिनियर दिलासा तिवारीका अनुसार भत्काइएका संरचनाबाट निस्किएको फोहोर व्यवस्थापनका लागि स्थानीय तहसँग समन्वय भइरहेको छ । 'हामी फोहोर व्यवस्थापनको काम अघि बढाइ–रहेका छौं,' उनले भनिन् ।

तिवारीका अनुसार अब सडक निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पार्न विभागअन्तर्गतको उत्तर-दक्षिण आयोजना निर्देशनालयलाई आग्रह गरिएको छ । बजेट अभावका कारण हाल डिपिआर तयारी प्रक्रियामा रहेको र सो प्रतिवेदन तयार भएपछि मात्र केन्द्र सरकारबाट बजेट प्राप्त हुने उनले जानकारी दिइन् ।

उनले आगामी आर्थिक वर्षदेखि मात्र निर्माण कार्य सुरु हुने स्पष्ट पार्दै डिपिआर तयार हुन करिब ३ देखि ४ महिना लाग्ने अनुमान छ । केन्द्रबाट जेठदेखि प्राप्त भएपछि गण्डक चोकदेखि मितेरी पुलसम्म ६ लेनको सडक निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाइनेछ । निर्माण सम्पन्न हुन कम्तीमा दुई वर्ष लाग्ने अनुमान गरिएको छ ।

यसैबिच, बाँकी रहेका संर–चना स्वयं हटाउन घरधनीहरूलाई आग्रह गरिएको छ । 'थोरै समय दिएका छौं, आफै हटाउनुस्, अन्यथा पुनः ढोजर प्रयोग गरी साइट क्लियर गरिन्छ,' तिवारीले भनिन् । साथै, २५/२५ मिटरको दायराभित्र नपरेका तर, भत्काइएका संरचनाका घर धनीहरूले जिल्ला प्रशासन कार्यालय पर्सामार्फत सम्पर्क गर्न सक्ने जानकारी पनि दिइएको छ ।

यसअघि प्रशासनले सूचना जारी गर्दै मितेरी पुलदेखि गण्डक नहर चोकसम्मका संरचना १२ घण्टा भित्र हटाउन निर्देशन दिएको थियो ।

उपस्थित हुने बारेको सूचना !!

यस समितिको मिति २०८२ चैत्र ३० गते बसेको यस मन्दिर व्यवस्थापन समितिको निर्णयअनुसार यस समितिको २२ औं वार्षिक साधा–रणसभा निम्न मिति, समय र स्थानमा हुन गईरहेको व्यहोराको सूचना सम्पूर्ण सदस्य महानुभावहरुलाई विभिन्न माध्यमबाट पठाई सकिएको छ, यदी सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभामा प्रस्तुत हुने छलफलका विषयहरु :

१. समितिका तर्फबाट अध्यक्षज्युद्वारा प्रस्तुत प्रगती प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।
२. कोषाध्यक्षज्युद्वारा प्रस्तुत हुने लेखापरिक्षण तथा आर्थिक प्रतिवेदनमाथि छलफल गरि पारित गर्ने ।
३. आ.ब.२०८२/०८३ को लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने ।
५. विविध

कार्यक्रम :
मिति : २०८३ बैशाख २० गते आईतवार
स्थान : भूटनदेवी मन्दिरको सभाहल
समय : बिहान ११:०० बजे

सम्पर्क:
९८५५०७१७७ (अध्यक्ष)
९८५५०६७०९९ (उपाध्यक्ष)
९८४५०२८६२५ (सचिव)
९८२७२७७५१४ (कर्मचारी)

श्री भूटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समिति, हेटौंडा-१०, मकवानपुर

निमोनिया विरुद्धको खोप लगाउन चाहने
जेष्ठ नागरिकहरुलाई जरुरी सूचना

हेटौडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयबाट बडाभित्रका नागरिकहरुका लागि **निमोनिया विरुद्धको खोप** लगाउने गरी ५४ भायल खोप खरिद मिति २०८१/०२/१९ मा १६ जना जेष्ठ नागरिकलाई खोप लगाई बांकी रहन एण्को ३८ थान खोप लगाउन यस बडाका टोल विकास संस्थाहरुलाई नामावली उपलब्ध गराई दिनु हुन भनि पत्राचार गरी नामहरु प्राप्त भएको भएता पनि कतिपय घरधुरी टोल विकासमा समावेश नभएको कारणले नामहरु नआएको बुझिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

मिति २००६ साल भन्दा पहिले जन्म भएका खोप लगाउन इच्छुक नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र बडा कार्यालयमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहित निवेदन पेश गर्नु हुन अनुरोध छ । प्राप्त निवेदनहरु संकलन गरि जेष्ठताको आधारमा खोप लगाईने व्यहोरा जानकारी गराईन्छ ।

हेटौडा उमहानगरपालिका
२ नम्बर वडा कार्यालय

आकर्षक जग्गा सस्तो मूल्यमा बिक्रीमा



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । **स्थान:** रातीमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०१८५०८, ९८४५०३१३४७

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष समाचार
बुधबार ०९ बैशाख २०८३
wednesday 22 April 2026
४

निजीक्षेत्रमा छिर्ने प्रयासमा अख्तियार

सन्देश संवाददाता

काठमाडौं/सरकारले निजीक्षेत्रलाई समेत भ्रष्टाचार अनुसन्धानको दायरामा ल्याउने गरी रणनीतिक योजना अघि बढाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सुझावका लागि सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ देखि २०८७/०८८ सम्म लागु हुने भ्रष्टाचारविरुद्ध दोस्रो राष्ट्रिय रणनीतिक योजनाको मस्यौदामा निजीक्षेत्रमा हुने भ्रष्टाचार पनि अनुसन्धानको दायरामा ल्याउने व्यवस्था गरिएको छ।

यस नयाँ रणनीतिमा निजीक्षेत्रभित्र हुने भ्रष्टाचारजन्य गतिविधिलाई कानुनीरुपमा समेटने र आवश्यक परे अनुसन्धान तथा कारबाही गर्न सक्ने व्यवस्था गर्ने लक्ष्य राखिएको छ। भ्रष्टाचारको अनुसन्धान अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्नेछ।

बालेन्द्र शाह नेतृत्वको सरकारले रणनीतिक स्तम्भअन्तर्गत् सबै क्षेत्रमा हुने भ्रष्टाचारलाई अपराधका पक्षमा पारिभाषित गर्ने र राज्यलाई नोक्सानी पुगेको वा अनुचित लाभ लिएको अवस्थामा कडाइ गर्ने तर केही अवस्थामा सुधारको अवसर दिने गरी कानुन परिमार्जन गर्ने योजना अघि सारेको छ। यसअन्तर्गत् सहकारी, निजी तथा सार्वजनिक कम्पनी र विभिन्न संघसंस्थामा हुने अनियमितता नियन्त्रणका लागि विशेष कानुनी व्यवस्था गरिने उल्लेख छ।

निजीक्षेत्रका गतिविधिमा सुशासन कायम गर्न आचारसंहिता, पारदर्शिता र उत्तरदायित्वलाई प्राथमिकता दिइने जनाइएको छ। सरकारले कानुन निर्माणतर्फ सहकारी, कम्पनी तथा अन्य निजी संस्थामा हुने भ्रष्टाचार, सम्पत्ति हिनामिना, अनियमितताललगायत विषयलाई समेटेर अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया स्पष्ट गर्ने लक्ष्य राखेको छ। यस्तो कानुन दुई वर्षभित्र तयार गर्ने योजना छ। निजीक्षेत्रमा अख्तियार छिराउने प्रयास यतिमा सीमित छैन। बजार प्रतिस्पर्धा कमजोर पार्ने गतिविधिलाई पनि दण्डनीय बनाउने तयारी गरिएको छ। निजीक्षेत्रसम्बन्धि विद्यमान कानुनलाई भ्रष्टाचार निवारण ऐनसँग मिल्ने गरी संशोधन गरिने तथा विभिन्न क्षेत्रगत कानुनमा समेत सुधार गरिने उल्लेख छ। नयाँ व्यवस्था अनुसार निजीक्षेत्रमा हुने घुस लेनदेनलाई स्पष्टरुपमा अपराध मानिनेछ। निजीक्षेत्रसँग सम्बन्धित विभिन्न कानुन तथा निर्देशिकामा संशोधन गरी लेखापरीक्षण, लेखापरीक्षण र नियमनलाई व्यवस्थित बनाउने तथा दुरसञ्चार, उड्डयन, बीमालगाय क्षेत्रमा समेत आवश्यक कानुनी सुधार गरिने उल्लेख छ।

निजीक्षेत्र भने प्रस्तावित कार्ययोजनाप्रति सशंकित देखिएको छ। नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकाल उत्पादन, लगानी, रोजगारी र निर्यातमा ८० प्रतिशत्भन्दा बढी योगदान रहेको निजीक्षेत्रलाई स्वतन्त्ररुपमा काम गर्न दिनुपर्ने उल्लेख गर्दै पब्लिक कम्पनी, बैंक, अस्पताललगायत निजीक्षेत्रलाई आयोगको दायरामा ल्याउने व्यवस्था संविधानविपरीत भएको बताउँछन्।

नेपाल उद्योग परिसंघ अध्यक्ष वीरेन्द्रराज पाण्डेले निजीक्षेत्रले उद्यम–व्यवसाय दर्ता, नवीकरण र अनुगमन गर्ने निकाय पर्याप्त भएको भन्दै भएकै निकायको क्षमता विस्तार र प्रभावकारितामा जोड दिनुपर्ने बताए।

'निजीक्षेत्रमा अख्तियारको प्रवेशले थप जटिलता थपिने र लगानी तथा नवीनता प्रवर्द्धनमा प्रभाव पर्ने देखिन्छ,' उनले भने। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले निजीक्षेत्रमा अख्तियारको हस्तक्षेप स्वीकार्य नहुने बताए। नीतिगत् दबाबका कारण निजीक्षेत्र कमजोर अवस्थामा रहेको र नयाँ सरकारबाट सुधारको अपेक्षा गरिएको समयमा यस्तो प्रस्तावले निराशा बढाएको उनको भनाइ छ।

प्रयास सफल हुँदै :

यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि कार्यक्षेत्र बढाउँदै निजीक्षेत्रलाई छानबिन गर्ने प्रयास पटकपटक गरिरहेको थियो। सरकारी निकायमा हुने अनियमितता र भ्रष्टाचारमाथि अनुसन्धान गर्दै मुद्दा दायर गर्ने अधिकार पाएको संवैधानिक निकाय अख्तियार विद्यमान ऐन संशोधन गरेर निजीक्षेत्रमा पुग्न चाहेको थियो। हालसम्म सरकारमा रहेका दल र निजीक्षेत्रको विरोधका कारण रोकिएको अख्तियारको यस प्रयास नयाँ सरकारको भ्रष्टाचारविरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजनाबाट सफल हुने देखिएको छ।

संविधानतः अख्तियारको काम, कर्तव्य र अधिकार सार्वजनिक पदधारणा गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गरी मुद्दा चलाउने हो। यसस्थितिमा व्यवस्था संविधानको धारा २३९ मा छ तर, अख्तियार यसमा मात्र सीमित हुन चाहिरहेको छैन। यसअघि २०७९ चैत २८ मा राष्ट्रियबाणिज्य बैंक, मेडिकल कलेज र अस्पताललगायत निजीक्षेत्रमाथि अख्तियारले अनुसन्धान गर्न पाउने गरी दुई वटा विधेयक पारित गरिसकेको छ।

तत्कालीन प्रतिनिधिसभाले उक्त विधेयक ठुंगो नलगाउँदा कार्यान्वयनमा भने आएको छैन। विधेयक प्रतिनिधिसभाले जस्ताको तस्तै पारित गरेको भए नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्तर वा प्रकारका बैंक, वित्तीय संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज र सोसम्बद्ध अस्पताल, अन्य महाविद्यालय वा कलेज, सार्वजनिक सेवाप्रवाह गर्ने पब्लिक कम्पनीसमेत सार्वजनिक सेवा रहेका कारण अख्तियारले छानबिन गर्न सक्थ्यो।

प्रदेश राजधानीको नक्सा बदलिने संकेत



सन्देश संवाददाता

हेटौंडा/देशको मध्य भागमा अवस्थित बागमती प्रदेशको राजधानी मकवानपुर जिल्लाको नक्सा बदलिने संकेत मिलेको छ। किनकि, मन्त्रिस्तरीय निर्णयअनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको सीमा र नाम हेरफेर सँगै थपघट तथा वर्गीकरणको पुनरावलोकन गर्न सकिने भन्दै सुझाव मादा जिल्लाका परिचित अनुहार–हरुले यसबारे चासो दिएका हुन्।

सरकारी सूचना सार्वजनिक भएपछि नेपाल चेपाङ संघले मकवानपुरको चेपाङ बाहुल्य क्षेत्रलाई पहिचानका आधारमा नामकरण गर्नुपर्ने भन्दै छिमेकका तीन जिल्लाका केही बडालाई समायोजन गरेर छुट्टै गाउँपालिका बनाउन प्रस्ताव गरेको छ। मकवानपुरको बिकट राबिसिराङ र धादिङको बेनीघाट रोराङ गाउँपालिकाको नाममा चेपाङ पहिचान जोडिएको छ। 'शोलांङ गाउँपालिका' बनाउने विषयमा पनि चेपाङ संघले उतिबेलै आवाज उठाएको हो। तर, राजनीतिक सहमति जुट्न सकेन।

संविधानको धारा ६५ उपधारा ५ अनुसार छुट्टै पालिका गठन गर्न सम्भव छ। दामराङ, धिरांङ, चौंतारा, चरिमारा, गलिंङजस्ता विशुद्ध चेपाङ जातिको मात्र बसोबास रहेको मकवानपुरको राक्सिराङ गाउँपालिकाको बडा–७ लाई स्थानीय सरकारले एक वर्षअघि नै 'भाषिक, सांस्कृतिक संरक्षित क्षेत्र' घोषणा गरिसकेको छ। राक्सिराङ गाउँपालिकाको बडा–७ सँगै चितवनको राप्ती नगरपालिका वडा–१३ र कालिका नगरपालिका बडा–११ विशुद्ध चेपाङ जातिको मात्र बसोबास भएका बडा हुन्।

गाउँपालिकाको नाम शोलांङ राख्न संघले प्रस्ताव गरेको छ। 'नमस्कार' लाई चेपाङ भाषामा 'शोलांङ' भनिन्छ। चेपाङ जातिको बाहुल्य भएको मकवानपुर र चितवनका केही क्षेत्र समेटेर नयाँ पालिका गठन गर्दा आर्थिक, शैक्षिक एवम् भौगोलिक हिसाबले पिछडिएको चेपाङ समुदायलाई मूलधारमा ल्याउन ठूलो सहयोग पुग्ने चेपाङ संघले जनाएको छ। चेपाङ संघको चाहनाअनुसार पालिका गठन भए धादिङ र मकवानपुरका केही बडा चितवनमा गाभिने सम्भावना देखिन्छ। किनभने सबभन्दा धेरै बसोबास चितवन जिल्लामा छ। बसोबास र भुगोल हेर्दा चितवनमा सबभन्दा बढी बडा छन्। त्यसैले, छिमेकी चितवन जिल्लाको भुगोल अझ ठूलो हुने र मकवानपुर नक्सामा केही खुम्चिने हुनसक्छ। तीन जिल्लाका यी क्षेत्रलाई गाभेर पालिका गठन गर्दा एउटा निर्वाचन क्षेत्र बन्ने चेपाङ संघ अध्यक्ष गोविन्दराम चेपाङ बताउँछन्।

यदि सरकारी निर्णय आएमा आर्थिकरुपमा विपन्न चेपाङ जातिको जनसंख्याको करिब ९० प्रतिशत् एउटै पालिकामा समेट्न सकिने र उनीहरुका लागि एकीकृत विकास योजना सहजरुपमा सञ्चालन गर्न सकिने उनको तर्क छ।

हरेक कोणबाट पिछडिएको चेपाङ जाति र चेपाङ बसोबास रहेको भुगोललाई अन्य समुदाय र भुगोलसँग मिसाइँदा दुरदराजमा रहेका चेपाङ समुदाय राज्यको सुविधाबाट वञ्चित हुनुपरेको छ। अतः छुट्टै पालिका गठन गर्दा सबैलाई सुविधा दिन सकिने संघको मान्यता छ। जनगणना २०७८ अनुसार चेपाङ जातिको कुल जनसंख्या ८४ हजार ३ सय ६४ छ।

मन्त्रालयले गाउँपालिका, नगरपालिका तथा वडाको संख्या तथा सीमा हेरफेरबारे सुझाव मागेको हो। मन्त्रालयले 'गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमा हेरफेर, एकापसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड, २०८३' को प्रारम्भिक मस्यौदा तयार पारेको छ।

सिस्नुपानीले लुईटेल र न्यौपानेलाई सम्मान गर्दै

सन्देश संवाददाता

हेटौंडा/सिस्नुपानी नेपाल मकवानपुरले हास्यव्यङ्ग्य विशेष पतियोगितात्मक प्रहसन र हास्यव्यङ्ग्य क्षेत्रका दुई जना सृष्टालाई सम्मान गर्नेभएको छ।

हास्यव्यङ्ग्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएबापत दुई जना सर्जकहरूलाई सम्मान गर्ने भएको हो।

२५ हजार रुपियाँ राशिको डा. गणेशकुमार पौडेल हास्यव्यङ्ग्य सम्मान–२०८२ फित्कौली अनलाइनका प्रधान सम्पादक नरनाथ लुईटेल र आरसी रिजाल हास्यव्यङ्ग्य सम्मान २०८२ हास्यव्यङ्ग्य कलाकार सीता न्यौपानेलाई प्रदान गरिने सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष संग्रस पौडेलले जानकारी दिए।

आरसी रिजाल हास्यव्यङ्ग्य सम्मानको पुरस्कार राशि २० हजार रुपियाँ रहेको छ। उक्त सम्मान यही बैशाख १९ गते शनिबार प्रदान गर्ने कार्यक्रम रहेको छ।

यस्तै हेटौंडा उपमहानगर पालिकाको सहयोगमा मकवानपुर जिल्लामा कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरु प्रतियोगीका रुपमा सहभागी हुने गरी हास्यव्यङ्ग्य विशेष प्रतियोगितात्मक प्रहसन कार्यक्रम गरिने भएको छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः १५ हजार, १० हजार र सात हजार तथा प्रोत्साहनवापत चार हजार रुपियाँसहित पुरस्कृत गरिने अध्यक्ष पौडेलले बताए।

प्रत्येक समूहमा दुईदेखि पाँच जनासम्म सहभागी हुन पाउने व्यवस्था गरिएको छ। सामाजिक, राजनीतिक, आर्थिक तथा प्रशासनिक वेथितिलगायत समसामयिक विषयमा हास्यव्यङ्ग्य र बोलिचाली तथा शारिरीक हाउभाउको नक्कल गरी प्रहसन प्रतियोगितामा गर्न सकिने आयोजकले जनाएको छ।

सगरमाथा आरोहणप्रति आकर्षण उच्च

सन्देश संवाददाता

काठमाडौं/सन् २०२६ को वसन्तकालीन हिमाल आरोहणको पर्यटन सिजन भएको छ। नेपालका २५ हिमाल आरोहणका लागि ६९ देशका ७०० आरोही अनुमति लिएको पर्यटन विभागले जनाएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत् पर्यटन विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार १ मार्चदेखि १५ अप्रिल २०२६ सम्मको अवधिमा हिमाल आरोहणबाट ७५ करोड ५८ लाख ६८ हजार २ सय ८२ रुपियाँ (५० लाख ७९ हजार ३ सय ८० अमेरिकी डलर) रोयल्टी संकलन भएको छ। सगरमाथा विश्वको सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६ मिटर) आरोहणप्रति आरोहीको आकर्षण यस वर्ष पनि उच्च रहेको पाइएको छ।

सगरमाथा आरोहणका लागि ३० वटा टोलीका २ सय ९७ जना आरोही (६३ महिला र २ सय ३४ पुरुष)ले अनुमति लिएका छन्। यसबाट मात्र सरकारले ६५ करोड २६ लाख १५ हजार ६ सय १२ रुपियाँ रोयल्टी संकलन गरेको छ। यस सिजनमा विश्वका ६९ देशका ७ सय आरोही नेपालका हिमाल चढ्न आएका छन्। यसमा १ सय ७७ महिला र ५ सय २३ पुरुष छन्। आरोही संख्याका आधारमा चीनका ८९ जना आरोहीले शीर्ष स्थान ओगटेको छ। त्यसपछि अमेरिकाका ७१ जना, जर्मनीका ५५ जना, भारतका ४९ जना, बेलायतका ४८ जना र रुसका ४५ जना आरोही छन्। अन्य प्रमुख हिमालको योगदान सगरमाथाबाहेक अन्य प्रमुख हिमालबाट पनि उत्साहजनक रोयल्टी संकलन भएको छ। मकालु–१ मा ८ टोलीका ५४ आरोहीबाट २ करोड ३६ लाख २९ हजार ४ सय रुपियाँ संकलन भएको छ। ल्होत्से हिमालमा ४ टोलीका ४१ आरोहीबाट १ करोड ८३ लाख ४६ हजार ५० रुपियाँ संकलन भएको छ। धौलागिरि–१ मा ३ टोलीका २८ आरोहीबाट १ करोड २५ लाख ६० हजार ८ सय ५० रुपियाँ संकलन भएको छ। अन्नपूर्ण–१ मा ४ टोलीका २७ आरोहीबाट १ करोड २० लाख ४९ हजार १ सय ७५ रुपियाँ संकलन भएको छ। कञ्चनजंघा हिमालमा २ टोलीका २२ आरोहीबाट ९७ लाख ६३ हजार ९ सय ५० रुपियाँ संकलन भएको छ। सन् २०२५ को वसन्त सिजनमा नेपालले ४ सय ६९ सगरमाथा अनुमति जारी गरेको थियो, जुन हालसम्मकै उच्चमध्ये एक हो। सगरमाथा आरोहणका लागि यस वर्ष चीनका आरोहीको संख्या उल्लेखनीयरुपमा बढेको छ। सगरमाथाका लागि मात्र ६७ जना चिनियाँ आरोही (१६ महिला, ५१ पुरुष) सहभागी भएका छन्। त्यसपछि अमेरिकाका ३९ जना र भारतका २८ जना आरोही छन्।

हिमालमा बढ्दो विदेशी पर्यटक आगमन र यसबाट संकलित रोयल्टीले मुलुकको पर्यटन क्षेत्र र अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। यो राजस्व संकलनले नेपाललाई विश्वको प्रमुख साहसिक पर्यटन गन्तव्यका रुपमा स्थापित गर्न मद्दत गरिरहेको छ। यस वर्षको तथ्यांकले पनि मध्यपर्वमा देखिएको द्वन्द्वका बावजुद् पनि हिमाल आरोहण कुन प्रभाव परेको छैन। सरकारले मंसिरमा स्वीकृत गरेको पर्वतारोहण–सम्बन्धि छैटौं संशोधन नियमावली २०८१ अनुसार सगरमाथा आरोहण गर्ने विदेशी आरोहीका लागि जारी सिजनमा प्रतिव्यक्ति ११ हजार डलर बाट १५ हजार डलर लागु गरेको छ। नेपाली आरोहीको हकमा शुल्क ७५ हजार नेपाली रुपियाँबाट बढेर १ लाख ५० हजार कायम गरिएको छ।

एकै दिन धौलागिरि चढे ९ जना

म्याग्दीमा पर्ने धौलागिरि हिमालमा चालु वसन्तयामको आरोहण सुरुआत भएको छ। धौलागिरि गाउँपालिका–४ स्थित विश्वको सातौं हिमालको उचाई आठ हजार १ सय ६७ मिटर छ। इमेजिन नेपाल कम्पनीमार्फत् आरोहणका लागि गएका चार विदेशी र पाँच नेपालीले चालु वसन्तयामको पहिलो सफल आरोहण गरेका हुन्। चीनका लिउ होङ, लिउ यिशी, वाङ, झोङ, स्वीट्जरल्याण्डका क्रिस्टिन भोगोन्डी, नेपालका फुर ग्याल्जेन शेर्पा, पासाङ नाम्मोल शेर्पा, किली पेम्बा शेर्पा, डिमा नुरु शेर्पा र पेम्बा छिरी शेर्पाको टोलीले धौलागिरिको सफल आरोहण गरेका इमेजिन नेपालले जनाएको छ।

शनिबार दिउँसो ११:४० बजे धौलागिरिको चुचुरोमा पुगेको आरोहण टोली सकुशलरुपमा तेस्रो आधार शिविरमा फर्किएको आरोहण टोलीको नेतृत्व गरेका फुर ग्याल्जेन शेर्पाले बताए। शेर्पाहरुको टोलीले हिउँमा डोरी तानेर बाटो तयार पारेपछि उनीहरुको सहयोगमा आरोही चुचुरोमा पुगेका हुन्। पर्यटन विभागका अनुसार वसन्तयाममा धौलागिरि आरोहणका लागि तीन समूहका १२ महिला र १६ पुरुषले अनुमति लिएका छन्। अनुमति लिएकाबाट एक करोड २५ लाख ६० हजार ८ सय ५० सलामी दस्तुर (शुल्क) प्राप्त भएको पर्यटन विभागका शाखा अधिकृत शर्मिला बञ्जाडेले बताइन्।

व्यापारिक नाकाको पहिचान बदल्दै 'पहाडकी रानी'



सन्देश संवाददाता

गण्डकी/प्राचीन समयमा व्यापारिक नाकाका रुपमा पहिचान बनाएको बन्दीपुर हाल भने पर्यटकीय गन्तव्यका रुपमा विकास भएको छ। बन्दीपुर बिगतमा मोटरबाटोको सुविधा नहुँदा पश्चिम पहाडका तनहुँ, कास्की, लमजुङ, गोरखा र मनाङबाट सामान ल्याएर बिक्री गर्ने प्रमुख व्यापारिक नाकाका रुपमा स्थापित थियो।

तनहुँको सदरमुकामसमेत रहेको यहाँबाट २०२५ सालमा सदर मुकाम दमौली सारिएसँगै यसले व्यापारिक नाकाको पहिचान बदलेर पर्यटकीय गन्तव्यका रुपमा परिणत भएको हो। यहाँको सांस्कृतिक सम्पदा एवम् प्राकृतिक मनोरमतासमेत पर्यटकीय महत्वलाई झनै बढाएको छ। बन्दीपुरको भूदृश्यले तत्कालीन राजा महेन्द्रलाई पनि आकर्षित गरेको थियो। उनले त्यस समयमा नै बन्दीपुरलाई पहाडकी रानी उपमा दिएका थिए।

बन्दीपुरमा रहेका प्राचीन शैलीका घर तथा बस्तीसँगै बरपरका रमणीय दृश्य, खड्गदेवी माई, टुँडीखेल आदिले यहाँको आकर्षण बढाएको छ। मस्यांङदी नदी तरेर बन्दीपुर जाने उकालो बाटोको चर्चा गर्दै मविवि शाहको लेखन र तारादेवी द्वारा गाइएको *बन्दीपुर उकाली* लामो, मस्यांङदी डुंगाले तरेर गीत हाल पनि गुन्गुनाउने गरिन्छ। बन्दीपुरको महिमा र गरिमा प्रवर्द्धन गर्न पछिल्लो समय विभिन्न पहल हुँदै आएको छ।

गाउँ पर्यटनको नमूना गन्तव्यजस्तै रहेको बन्दीपुरमा नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालय र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना एवम् गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकीको सहआयोजनामा वैशाख १८ र १९ गते गाउँ पर्यटन मेला आयोजना गर्न लागिएको छ। बन्दीपुरमा पहिलो पटक प्रदेशस्तरीय गाउँ पर्यटन मेला २०८३ आयोजना गर्न लागिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले बताए। बन्दीपुर गाउँपालिकाले बन्दीपुर गाउँ पर्यटन भ्रमण वर्ष घोषणा गरेको सन्दर्भसमेत पारेर पर्यटन मेला गर्न लागिएको हो।

'मेलाको मुख्य उद्देश्य गाउँका साना पर्यटन व्यवसायी र समुदायिक घरबास (होमस्टे) लाई सीधै सहरी बजार र ठूला एजेन्सीहरुसँग जोड्ने प्लेटफर्मका रुपमा विकास गर्ने हो,' उनले भने–मेलामार्फत् होमस्टे र त्यहाँबाट दिने सेवालाई बजारसँग जोड्ने, गाउँ पर्यटनमा निजी तथा सरकारी लगानीलाई अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ। मेलामा प्रदेशका ११ वटै जिल्लाबाट प्रतिनिधित्व गराउने पहल भइरहेको छ। उनले पर्यटन लक्षित कार्यक्रम पोखरामा मात्र केन्द्रित नगरी प्रदेशका अन्य स्थानमा पुऱ्याउने योजना रहेको पनि बताए। मेलामा बन्दीपुरको पर्यटनका विषयमा सामूहिक छलफल गरिने बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिए।

'गाउँ पर्यटनबाट समृद्धिको यात्रा, विभिन्न जातजातिको संस्कृतिक प्रस्तुति एवम् प्रवर्द्धन, सामुदायिक घरबास तथा पर्यटन व्यवसायीका प्रवर्द्धनात्मक कक्षहरु मेलामा स्थापना गरिनेछ,' उनले भने–उक्त क्रममा यहाँका पर्यटनलक्षित सूचना तथा प्रचार सामग्री वितरणसँगै पर्यटकीय आकर्षणका विविध पक्षलाई उजागर गरिनेछ। बन्दीपुर व्यास नगरपालिकाले जोडेर होमस्टे सर्किट निर्माण प्रक्रिया अगाडि बढाइएको छ। अध्यक्ष थापाका अनुसार यस सर्किटमा बन्दीपुर–२ को मोहोरिया, रामकोट, व्यास–१४ कुलुङ, केशवटार, रुम्सी, बन्दीपुर–६ धरमपानी, व्यास–१२ कमलाबारी, बन्दीपुर–५ कोरिखा, बन्दीपुर सामुदायिक होमस्टे, बन्दीपुरको धरमपानी होमस्टे, ऐतिहासिक हुस्लाडकोट गढी, कमलाबारी, कोरिखा र बन्दीपुर सामुदायिक होमस्टेलगायत समेटिएका छन्। बन्दीपुरको पर्यटन क्षेत्रमा छ अर्ब बढी लगानी रहेको बताउदै अध्यक्ष थापाले भ्रमण वर्ष २०२५ मा बन्दीपुरमा स्वदेशी तथा विदेशी गरी छ लाख २५ हजार पर्यटक आएको जानकारी गराए।

यस वर्ष ग्रामीण पर्यटन बन्दीपुर भ्रमण वर्ष २०२५ मा सात लाख पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ। बन्दीपुर क्षेत्रका रामकोट, धरमपानी र कोरिखा होमस्टेलाई नमूना पर्यटकीय गाउँका रुपमा विकास गर्न लागिएको अध्यक्ष थापाले बताए। बन्दीपुर क्षेत्रमा मात्र सात वटा व्यावसायिक घरबास सञ्चालनमा छन्। मेलासँगै यहाँको अगांनिक खाना, रैथाने अन्नबाली, परम्परागत् कला संस्कृतिसमेत प्रवर्द्धन एवम् संरक्षण हुने स्थानीयको विश्वास छ।

मेलामार्फत् समग्र गण्डकी प्रदेशको गाउँ पर्यटन प्रवर्द्धन र विकासको लक्ष्य राखिएको गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेश अध्यक्ष शोभा सापकोटाले बताए। गण्डकी प्रदेशभित्र ५० भन्दा बढी होमस्टे सञ्चाललमा छन्। उनले यस्ता कार्यक्रममार्फत् होमस्टेहरुबीच पर्यटकीय साझेदारीमा समेत फाइदा पुग्ने विश्वास लिइएको बताए। 'कार्यक्रममार्फत होमस्टेबीच अनुभव आदानप्रदान, व्यावसायिक साझेदारीमा पनि महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरेका छौं,' उनले भनिन्–सरकारले हप्तामा दुई दिन बिदाको व्यवस्था गरेकाले पनि गाउँ पर्यटनमा सहयोग पुग्ने हाम्रो अपेक्षा छ। गाउँ पर्यटन प्रवर्द्धन मञ्च भिटोफ गण्डकी प्रदेशले विगत लामो समयदेखि गण्डकी प्रदेशका सम्भावनायुक्त घरबासको प्रवर्द्धनमा काम गरिरहेको भिटोफ गण्डकी संस्थापक अध्यक्ष एवम् पोखरा पर्यटन परिषद् अध्यक्ष तारानाथ पहारीले बताए।

सरकारी विज्ञापन नीतिविरुद्ध पत्रकार महासंघको आन्दोलन

सन्देश संवाददाता

वीरगञ्ज/नेपाल पत्रकार महासंघले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने सरकारको निर्णयविरुद्ध देशव्यापी आन्दोलन घोषणा गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको उक्त निर्णय प्रेस स्वतन्त्रता, संविधानको भावना र खुला बजार अर्थनीति विपरीत रहेको ठहर गर्दै महासंघले दबाबमूलक अभियान सुरु गर्ने जनाएको छ।

महासचिव रामप्रसाद दाहाल–द्वारा जारी विज्ञप्तिअनुसार वैशाख ९ गते प्रदेश समितिहरूले मुख्यमन्त्रीहरूसँग छलफल गर्ने कार्यक्रम तय गरिएको छ।

वैशाख १० गते विहान १० बजे देशभरका जिल्ला शाखामार्फत् प्रमुख जिल्ला अधिकारीलाई विज्ञापन पत्र बुझाइनेछ भने दिउँसो १ बजे केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरी धारणा सार्वजनिक गरिनेछ। त्यसैगरी, वैशाख ११ गते सबै सञ्चारमाध्यमलाई सम्पादकीय ऐक्यबद्धतामार्फत् विरोध जनाउन आव्हान गरिएको छ र सोही दिन विहान ८ बजे सामाजिक सञ्जालमार्फत् व्यापक विरोध प्रदर्शन गरिने जनाइएको छ।

आन्दोलनकै क्रममा वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालासँग छलफल गर्ने र वैशाख १५ गते नगरपालिका संघ तथा गाउँपालिका महासंघ मार्फत् स्थानीय तहहरूलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको महासंघले जनाएको छ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं।

चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा–४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले इच्छुक खरिदकर्ताले सिधै सम्पर्क राख्नुहोला।

सम्पर्क :

९८४५०३१७८६, ९८२११४००२२

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुका घडेरी बिक्रीमा छ। इच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। इच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने